का.जि.प्र.का.द.नं. १००/०५९/६०
७ चैत २०८२
शनिबार
21 March 2026
Saturday
नेपाल संवत् ११४६
मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

इपेपर हेर्न

वर्ष २४, अंक ५८। पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com



शुक्रबार काठमाडौं उपत्यकासहित देशभर वर्षा हुँदा जनजीवन प्रभावित भएको छ। तस्विर : मध्यन्ह

# ब्युँताइँदै सांसदका स्वकीय

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, ६ चैत

२१ फागुनको निर्वाचनबाट आएका दलहरूको पहिलो सर्वदलीय बैठक बिहीबार सिंहदरबारमा बस्यो । संसद् सचिवालयको आह्वानमा बसेको उक्त बैठक नवनिर्वाचित सांसदहरूको शपथ र प्रतिनिधिसभाको पहिलो बैठक सञ्चालनको तयारीमा केन्द्रित थियो । तर उक्त बैठकमा सांसदहरूले विगतमा पाउँदै आएको स्वकीय सचिवको सुविधा खारेजी भएको विषय उठ्यो । आगामी दिनमा सांसदले स्वकीय सचिव पाउने विषयमा कानुनी प्रावधान र सम्बोधन गर्न सकिने सम्भावनाको विषयमा समान्य छलफल भएको हो ।

संघीय संसद् सचिवालयका सहसचिव एवं प्रवक्ता एकराम गिरी यो विषय उठेको स्वीकार गर्छन्। 'सांसदका स्वकीय सचिवको विषय उठ्यो, तर विस्तृत छलफल भएन,' गिरीले भने। गत भदौ २३ र २४ मा जेनजी आन्दोलन भएको थियो। उक्त आन्दोलनको जगमा बनेको अन्तरिम सरकारले खर्च कटौती गर्ने क्रममा सांसदले पाउँदै आएको स्वकीय सचिवको सुविधा खारेज गरेको थियो ।

संघीय संसद् दुई सदनात्मक छ। प्रतिनिधिसभा २७५ सदस्यीय र राष्ट्रिय सभा ५९ सदस्यीय छ। दुवै सभाको गरेर ३३४ जना सांसदले पाउँदै आएको स्वकीय सचिवको सुविधा एकै पटक खारेज भएको थियो । साथै सातै प्रदेशमा रहेका प्रदेश सभा सदस्यहरूको कूल संख्या ५५० छ । उनीहरूले पाउँदै आएको स्वकीय सचिवको सुविधा समेत खारेज भएको थियो ।

२१ फागुनको निर्वाचनबाट नयाँ प्रतिनिधिसभा आएसँगै सांसदले स्वकीय सचिवको सुविधा पाउने प्रावधान पुनः ब्युँताउँन लागिएको हो । यसका लागि कानुनमा कहाँ सम्बोधन गर्ने भनेर सरोकारवालाहरू छलफलमा लागेका छन् ।

सरकारले संघीय संसद्का पदाधिकारी तथा सदस्यहरूको पारिश्रमिक र सुविधा सम्बन्धी ऐन, २०७३ को अनुसूचीमा हेरफेर गरेर सांसद र संसद्का पदाधिकारी अन्तर्गत रहेका प्रतिनिधि सभाका उपसभामुख र राष्ट्रियसभा उपाध्यक्षको स्वकीय सुविधा खोसेको थियो ।

संघीय संसद्का पदाधिकारी तथा सदस्यहरूको पारिश्रमिक र सुविधा सम्बन्धी ऐन, २०७३ को दफा २५ मा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी पदाधिकारी वा सदस्यलाई मर्का नपर्ने किसिमबाट अनुसूचीमा हेरफेर गर्न सक्ने उल्लेख छ । यही अधिकार प्रयोग गरेर सरकारले अनुसूची दुई को क्रमसंख्या २ र ३ मा हेरफेर गर्दै उपसभामुख, राष्ट्रियसभा उपाध्यक्ष, संसदीय विषयगत समितिका सभापति र सांसदहरूले पाउँदै आएको स्वकीय सचिवको सुविधा खोसेको थियो ।

> जेनजी आन्दोलनपछि बनेको अन्तरिम सरकारले संघीय संसद्का ३३४ सांसद र ५५० प्रदेश सभा सदस्यले पाउँदै आएको स्वकीय सचिवको सुविधा खारेज गरिदिएको थियो । जसलाई पुनः ब्युँताउँन लागिएको छ । यसका लागि कानुनमा कहाँ सम्बोधन गर्ने भनेर सरोकारवालाहरू छलफलमा छन् ।

संसद्का पदाधिकारीले पनि स्वकीय सचिव बाहेकका कर्मचारीको सुविधा समेत प्राप्त गर्दै आएका थिए। दुवै सभामा विपक्षी दलको नेता, दुवै सभामा सत्तापक्ष दलको मुख्य सचेतक र सत्तापक्षको सचेतक, राष्ट्रिय दलको प्रमुख सचेतकले स्वकीय सचिव बाहेक कर्मचारीसहितको सुविधा प्राप्त गर्दै आएका थिए । संसदीय विषयगत समितिका सभापतिले समेत स्वकीय सचिव बाहेक कर्मचारी सुविधा प्राप्त गर्दै आएका थिए। प्रतिनिधि सभा अन्तर्गत १० वटा विषयगत समिति छन्। राष्ट्रिय सभा अन्तर्गत ४ वटा र संयुक्त दुई वटा समिति छन्। »» पृष्ठ २ मा



### जेनजी आन्दोलनमा जलाइएकी प्राध्यापकको

# उपचारमा सकस





> केही साथीहरूले तत्काल सहयोग गरेर भारतसम्म उपचार गराउन लगियो, त्यसबाहेकको ऋण अझै थपिँदै छ । जलेको घर बनाउनेभन्दा पनि कसरी बाँच्ने भन्ने समस्या छ ।
>
> **■ झलनाथ खनाल**
> पूर्वप्रधानमन्त्री



> चाहे पूर्वराजा, राष्ट्रपति, प्रधानमन्त्री, नेता, प्रजाको नेपालमा हुने जुनसुकै उपचार नेपालमै गराउनुपर्छ भन्ने स्वास्थ्य मन्त्रालयको ऐनमा छ, नेपालमा उपचार सम्भव नभएको अवस्थामा भने नेसनल मेडिकल बोर्डले सिफारिस गरेको हुनुपर्छ ।
>
> **■ डा. प्रकाश बुढाथोकी**
> प्रवक्ता, स्वास्थ्य मन्त्रालय

**सपना बोहरा/मध्यान्ह**
काठमाडौं, ६ चैत

भदौ २४को जेनजी आन्दोलनका क्रममा आगजनीमा परी गम्भीर घाइते भएकी प्राध्यापक रविलक्ष्मी चित्रकारको उपचार खर्च सरकारले नव्यहोर्ने भएको छ । पूर्वप्रधानमन्त्री तथा नेकपा (एकीकृत समाजवादी)का नेता झलनाथ खनालकी पत्नी चित्रकारको भारतमा भएको उपचार खर्च सरकारले नव्यहोर्ने भएको हो ।

सुरुमा उनको कीर्तिपुरस्थित बर्न अस्पतालमा उपचार भएको थियो । फोक्सोमा निमोनियाको संक्रमण बढ्दै गएपछि चिकित्सकको सल्लाहमा उनलाई एयर एम्बुलेन्समार्फत भारतको नयाँ दिल्लीस्थित एपोलो अस्पताल लगिएको थियो । तीन महिनाको गहन उपचारपछि उनलाई नेपाल ल्याइएको थियो । खनालका अनुसार उनको उपचारमा मासिक एक लाखको हाराहारीमा खर्च भइरहेको छ। स्वास्थ्य सुधारोन्मुख भए पनि अझै उनी चिकित्सकको निगरानीमा रहँदै आएकी छिन् । आफ्नै निवासमा भएको आगलागीमा परेर उनको शरीरको करिब १५-१७ प्रतिशत भाग जलेको थियो। विशेषगरी देब्रे हातमा गम्भीर चोट लागेपछि संक्रमण फैलिँदै जाँदा अवस्था जटिल बनेको थियो। संक्रमण फैलिन »» पृष्ठ २ मा



> अप्रत्यासित पराजयलाई विजयमा रुपान्तरण गर्न जनताका वास्तविक समस्या र राजनीतिक दलप्रतिका अपेक्षाको बारेमा अध्ययान गरेर पार्टीलाई जनतासँग जोड्ने नयाँ कार्यक्रम बनाउने छौं ।
>
> **■ डा डिला संग्रौला**
> सहमहामन्त्री, नेपाली कांग्रेस



> सामाजिक सञ्जालमा एमालेप्रति फैलाइएको नकारात्मक प्रभावका कारण आएको निर्वाचन परिणामलाई सहजरूपमा ग्रहण गर्दै नयाँ ढंगले जनमत बदल्ने प्रयास गर्छौं ।
>
> **■ महेश बस्नेत**
> सचिव, एमाले



> जनताले हामीलाई पुरानै ढर्राको पार्टी ठान्नुभयो । हामीले अवस्था बदल्न कोसिस गरेकै हौं सकेनौं । अब फेरि जनतामा जान्छौं ।
>
> **■ वर्षमान पुन**
> नेता, नेकपा

### ओली–प्रचण्डले नेतृत्व नछाड्ने

# गगनको राजीनामा होल्ड

**जीवन शर्मा/मध्यान्ह**
काठमाडौं, ६ चैत

हालै सम्पन्न प्रतिनिधिसभा सदस्य निर्वाचनमा अप्रत्यासित पराजय भोगेका पुराना राजनीतिक दलहरू यतिबेला चुनावी समीक्षामा जुटेका छन् । नेपाली कांग्रेसका सभापति गगन थापाले चुनावी हारको नैतिक जिम्मेवारी लिँदै राजीनामा दिएका छन् भने नेपाली कम्युनिष्ट पार्टीका संयोजक पुष्पकमल दाहाल प्रचण्डले अन्यत्र भोट दिने केन्द्रीय नेता पत्ता लगाएर कारबाही गर्ने घोषणा गरेका छन् । नेकपा (एमाले)मा औपचारिक रुपमा चुनावी समीक्षा सुरु भइसकेको छैन । अध्यक्ष केपी शर्मा ओली पितृशोकमा रहेका बैठक नबसे पनि नेतृत्व परिवर्तनको बहस भने सुरु भइसकेको छ ।



प्रारम्भीक समीक्षामा दलहरुले नागरिक तहमा बढ्दो अविश्वास र जनअपेक्षाअनुसार काम गर्न नसक्नु पराजयको मुख्य कारण औंल्याएका छन् । गुमेको जनविश्वास फर्काउन नयाँ रणनीतिका जानुपर्ने नेताहरुले बताइरहेका छन्। नेपाली कांग्रेसले केन्द्रीय समिति बैठकमार्फत चुनावी समीक्षालाई औपचारिक रूपमा अघि बढाएको छ। सभापति थापाले चुनावी हारको नैतिक जिम्मेवारी लिँदै दिएको राजीनामा अस्वीकृत गर्ने प्रस्ताव केन्द्रीय समितिमा पेस भएको छ। सम्भवतः आइतबारको बैठकले थापाको राजीनामा अस्वीकृत गर्ने छ। शुक्रबार »» पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

# दोहा र दुबई ट्रान्जिटमा रहेका नेपालीहरू गन्तव्यतर्फ : परराष्ट्र

**मध्यान्ह संवाददाता**
काठमाडौं, ६ चैत

परराष्ट्र मन्त्रालयले पश्चिम एसिया क्षेत्रमा विकसित तनावपछि गन्तव्यमा जान नसकी विभिन्न मुलुकमा फसेका नेपाली नागरिक अवस्था केही सहज भएपछि आफ्ना गन्तव्यतर्फ लागेको बताएको छ ।

परराष्ट्र मन्त्रालयले शुक्रबार पत्रकार सम्मेलन गरी खाडी क्षेत्रका विभिन्न मुलुकमा यात्रारत नेपालीहरूको सुरक्षा तथा सहयोगका लागि भएका पहलहरूका बारेमा जानकारी गराएको हो ।

सुरुमा दोहा, दुबई, जेद्दा र कुवेत सिटीमा बढी समस्या देखिएकोमा हाल दोहा र दुबईमा सीमित मात्रामै भए पनि हवाई सम्पर्क सुरु भएकाले ती दुई ठाउँमा ट्रान्जिटमा रहेका सबै नेपालीहरू गन्तव्यतर्फ लागेको मन्त्रालयको भनाइ छ ।

जेद्दामा समस्यामा परेका ५२ जना हजयात्रीहरू यही चैत ५ गते फर्किसकेको, कुवेत सिटीमा समस्यामा परेका सुरुका ५२ जनामध्ये बाँकी रहेका ३३ जनाको पनि यही चैत ४ गते साउदी अरेबियाको भिसाको प्रबन्ध मिलाइ गन्तव्यतर्फ जान »» पृष्ठ २ मा

## होर्मुजबाट एक नेपाली पक्राउ

काठमाडौं/मस- इरानले होर्मुज क्षेत्रबाट एक जना नेपाली नागरिकलाई पक्राउ गरेको छ । परराष्ट्र मन्त्रालयले शुक्रबार आयोजित पत्रकार सम्मेलनमा होर्मुज क्षेत्रबाट एक नेपाली पक्राउ परेको जानकारी दिएको हो। पक्राउ परेका व्यक्ति धनुषाका अमृत झा रहेको बताइएको छ।

इरानी सेनाले एउटा व्यापारिक जहाजलाई आफ्नो नियन्त्रणमा लिने क्रममा त्यसमा कार्यरत झालाई पनि नियन्त्रणमा लिएको हो । पत्रकार सम्मेलनमा पश्चिम एसिया महाशाखा प्रमुख रामकाजी खड्काले उक्त जहाजमा कार्यरत सबै 'क्रु मेम्बर'लाई इरानी पक्षले नियन्त्रणमा लिएको र जहाजमा झा पनि सामेल रहेको जानकारी दिए । पक्राउ परेको विषय आफन्तहरूले परराष्ट्रलाई जानकारी गराएका थिए ।

## वनमन्त्रीका सय दिन

# नीतिगत, कानुनी र संस्थागत सुधारमा उपलब्धि

**काठमाडौं/मस–** वन तथा वातावरणमन्त्री माधवप्रसाद चौलागाईंले मन्त्रालयको जिम्मेवारी सम्हालेको शुक्रबार सय दिन पुगेको छ । गत भदौ २३ र २४ गते भएको जेनजी आन्दोलनपछि बनेको वर्तमान सरकारको मुख्य जिम्मेवारी निर्धारित समयमै प्रतिनिधिसभाको निर्वाचन सम्पन्न गर्ने भए पनि जनअपेक्षाअनुसारका काममा प्रगति भएको सरकारले जनाएको छ । मन्त्री चौलागाईंले यस अवधिमा ५८ महत्वपूर्ण नीतिगत, कानुनी, संस्थागत तथा कार्यक्रमगत सुधारका कार्य भएको जानकारी दिए ।

उनले भने, 'सीमित समयलाई मध्यनजर गर्दै छोटो अवधिमा प्रभावकारी काम गर्न सकिन्छ भन्ने विश्वासका साथ हामी अघि बढ्यौं । विकास साझेदारहरूसँग सहकार्य गर्दै विभिन्न परियोजना अघि बढाई मानव वन्यजन्तु द्वन्द्व तथा कृषि हानिकारक वन्यजन्तुजस्ता जनसरोकारका विषयलाई प्राथमिकताका साथ काम गर्‍यौं ।'

वातावरणीय सुशासन सुदृढ गर्ने उद्देश्यले मन्त्रालयले वायु गुणस्तर, औद्योगिक उत्सर्जन, इँटा तथा सिमेन्ट उद्योगलगायत क्षेत्रमा पाँच नयाँ मापदण्ड स्वीकृत गरेको छ । साथै कार्बन व्यापार नियमावली स्वीकृति र वन नियमावली संशोधनसहित महत्वपूर्ण कानुनी सुधारहरू भएका छन् ।

यस अवधिमा अन्तर्राष्ट्रिय सहकार्य र जलवायु वित्त परिचालनतर्फ पनि महत्वपूर्ण उपलब्धि हासिल भएको अवगत गराउँदै



मन्त्री चौलागाईंले विभिन्न परियोजना तथा कार्यक्रममार्फत अन्तरराष्ट्रिय सहयोग परिचालन प्रक्रिया अघि बढाइएको उल्लेख गरे । 'कार्बन व्यापार तथा 'रेड प्लस' संयन्त्रमार्फत भविष्यमा ठूलो आर्थिक लाभ सुनिश्चित गर्ने आधार तयार गरिएको छ', उनले भने,'जसका लागि कार्बन रजिष्ट्री र 'एमआरभी' प्रणाली सञ्चालनमा ल्याइएको छ । साथै, भारतसँग जैविक विविधता संरक्षणसम्बन्धी समझदारी भएको छ ।'

यस अवधिमा ६ आयोजनाका वातावरणीय प्रभाव मूल्यांकन र २१ आयोजनाको कार्यसूची स्वीकृत गरिएको छ भने वन क्षेत्र उपयोगसम्बन्धी निर्णयमार्फत ७९.६१ हेक्टर क्षेत्र व्यवस्थापन तथा आवश्यक पूर्वाधार आयोजनालाई मार्ग प्रशस्त गरिएको छ । यस अवधिमा सर्वोच्च अदालतको निर्णयानुसार संरक्षित क्षेत्रभित्र वातावरण प्रभाव अध्ययन र जग्गाको भोगाधिकार सम्बन्धित रोकिएर रहेका विकास, निर्माण, जलविद्युत् र वातावरणीय प्रभाव मूल्यांकनसम्बन्धी कामलाई सहजीकरण गरिएको छ ।

पूर्वाधारसम्बन्धी आयोजनालाई सहजीकरण गर्नेगरी वन नियमावलीको तेस्रो संशोधन भएको छ भने वायु गुणस्तरसम्बन्धी राष्ट्रिय मापदण्ड स्वीकृत गरिएको छ । त्यसैगरी उद्योग-प्रतिष्ठानमा जडान भएका ब्वाइलरको सञ्चालनबाट निष्काशन हुने धुवाँ तथा चिम्नीको उचाइसम्बन्धी मापदण्ड र इँटा उद्योगको चिम्नीबाट उत्सर्जन हुने धुवाँ, चिम्नीको उचाइ तथा इँटा उद्योगको सञ्चालनसम्बन्धी मापदण्ड स्वीकृत भएको मन्त्रालयले जनाएको छ ।

साथै वन विकास कोष सञ्चालन निर्देशिका र तराई भू-परिधिका १३ जिल्लाका लागि विश्व बैंकलाई बिक्री गरेको कार्बन उत्सर्जन कटौतीबाट प्राप्त लाभको वितरणका लागि लाभ वितरण योजना स्वीकृत गरिएको मन्त्री चौलागाईंले बताए ।

यस अवधिमा 'वन तथा वातावरण क्षेत्रको लैङ्गिक समानता, अपांगतामैत्री र सामाजिक समावेशीकरण रणनीति तथा कार्यान्वयन योजना (२०८२-९१) मन्त्रिस्तरको निर्णयबाट स्वीकृत भएको छ । साथै नेपालमा पहिलोपटक बाह्य मिचाहा प्रजाति नियन्त्रण र व्यवस्थापनसम्बन्धी राष्ट्रिय कार्यशाला सम्पन्न भएको छ ।

छायाँनाथ राष्ट्रिय निकुञ्ज (मुगु जिल्लाको ८४३ वर्ग किलोमिटर क्षेत्रफल) र यसको वरिपरिको १७७ वर्ग किलोमिटर क्षेत्रलाई मध्यवर्ती क्षेत्र तोकी नेपाल राजपत्रमा सूचना प्रकाशन गरिएको उनले बताए ।

यस अवधिमा गैरकानुनी वन्यजन्तु व्यापारविरुद्ध दक्षिण एशियाका आठ देश सम्मिलित अन्तरसरकारी निकायका रूपमा रहेको साउथ एसिया वाइल्डलाइफ इनफोर्समेन्ट नेटवर्क र नेपाल सरकारकोतर्फबाट वन तथा वातावरण मन्त्रालयबीच 'हेडक्वार्टर एग्रिमेन्ट' भएको छ ।

# खाद्यको नेपालगन्जस्थित गोदाममा थन्कियो १९ हजार क्विन्टल चामल

**बाँके/मस–** खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडको नेपालगञ्जस्थित गोदाममा १९ हजार क्विन्टल चामल थन्किएको छ । हाल जिरा मसिनो, अरुवा मसिनो र अरुवा मोटो गरेर १९ हजार क्विन्टल चामल गोदाममा थन्किएको खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड नेपालगन्जका प्रमुख रामशरण लामिछानेले जानकारी दिए ।



उनका अनुसार गोदाममा हाल जिरा मसिनो चामल पाँच हजार क्विन्टल, अरुवा मसिनो चामल पाँच हजार क्विन्टल र अरुवा मोटो चामल नौ हजार क्विन्टल मौज्दात रहेको छ । यसै वर्ष खरिद गरिएको र कुटाउन बाँकी रहेको १० हजार क्विन्टल धान पनि भण्डारणमा छ ।

गोदाममा रहेको चामलको खुद्रा तथा थोक बिक्री गर्ने कार्य भइरहेको छ । कर्णाली प्रदेशका जिल्लाबाट माग भई आएमा खाद्य व्यवस्था तथा व्यापार कम्पनीले पठाउने कार्य गरिरहेको छ । यसपटक चामलको मूल्य समायोजन भएर आउँदा प्रतिक्विन्टल ५ सयदेखि ६ सयसम्म मूल्य घटेर आएको खाद्य कम्पनीका प्रमुख लामिछानेले बताए ।

उनले खाद्य व्यवस्था कम्पनीको चामल गुणस्तरीय हुने र उपभोक्ताले विश्वास गर्ने गरिएकाले स्थानीय बजारसँग प्रतिस्पर्धा गर्न मूल्य समायोजन गरिएको बताए ।

कर्णाली प्रदेशका हुम्ला, जुम्ला, कालीकोट, डोल्पा, मुगु र जाजरकोटमा रहेका खाद्यका डिपोमा अहिले पर्याप्त चामल रहेकाले कुनै समस्या नरहेको जनाउँदै प्रमुख लामिछानेले आवश्यक परे तत्काल पठाउनेगरी मौज्दात राखिएको लामिछानेको भनाइ छ ।

बाँकेमा यस वर्ष खाद्य व्यवस्था तथा व्यापार कम्पनीले २० हजार क्विन्टलमात्र धान खरिद गरेको थियो । जिल्लाका धेरै किसानले कम्पनीमा बिक्रीका लागि धान लिएर आए पनि कोटा कम भएको जनाउँदै सबै धान खरिद नगरेपछि फिर्ता जानुपरेको थियो । यस वर्ष सरकारले मोटा धान प्रतिक्विन्टल तीन हजार ४ सय ६३ र मध्यम धान प्रतिक्विन्टल तीन हजार ६ सय २८ मा खरिद गर्नेगरी मूल्य तोकेको थियो ।

# देशभर हुरीबतास असिनासहित मुसलधारे वर्षा

**काठमाडौं/मस–** काठमाडौं उपत्यकासहित देशभर शुक्रबार मुसलधारे वर्षा भएको छ । नेपालमा पश्चिमी न्युन चापीय प्रणाली र स्थानीय वायुको प्रभावका कारण हावाहुरी चट्याङसहित देशभर असिना पानी परेको हो ।

काठमाडौं उपत्यकासहित बुटवल, अर्घाखाँची, ओखलढुंगासहित देशका विभिन्न भू-भाग दिउँसै अन्धकारमय बनेको थियो । जसकारण जनजीवन अस्तव्यस्त बनेको थियो । त्यसो त, मौसम विभागले पनि शुक्रबार कोशी, मधेश, गण्डकी, कर्णाली, सुदूरपश्चिम प्रदेशको धेरै स्थानहरू, वागमती र लुम्बिनी प्रदेशका केही स्थानहरूमा मेघगर्जन/चट्याङ/असिना/हावाहुरी सहित मध्यम वर्षा/हिमपातको सम्भावना रहेको बताएको थियो ।

कोशी र मधेश प्रदेशको एक-दुई स्थानमा भारी वर्षाको सम्भावना रहेको अनुमान गरेअनुसार नै देशभर वर्षा भएको हो । हुरीबतासहितको वर्षाका कारण सडक किनाराका रुख ढल्ने, बिजुली तथा टेलिफोनका पोल लड्ने, तार चुँडिने तथा जस्तापाताले बनेका छाना उड्ने जोखिम रहेको विभागले जनाएको छ ।

यस्तो अवस्थामा जोखिमयुक्त यात्रा नगर्न र हुरीबतास नरोकिँदासम्म सुरक्षित स्थानमा बस्न सर्वसाधारणलाई विभागले आग्रह गरेको छ । विद्यालय बस छुट्ने समय भएकाले विद्यार्थीको सुरक्षामा विशेष ध्यान दिन अभिभावक तथा



सम्बन्धित निकायलाई पनि आग्रह गरिएको छ ।

**मुक्तिक्षेत्रमा छैटौ पटक भारी हिमपात**

मुस्ताङ मुक्तिक्षेत्रमा छैटौं पटक भारी हिमपात भएको छ । शुक्रबारदेखि मुक्तिनाथ क्षेत्रमा भारी हिमपात भएको हो । मुस्ताङमा कात्तिक १० गतेयता हालसम्म छैटौंपटक हिमपात भएको छ । यस्तै मनाङमा पनि शुक्रबारदेखि हिमपात भएको छ ।

# किसानले पाएनन् चैते धानको उचित मूल्य

**झापा/मस–** अघिल्लो वर्ष किसानलाई यतिबेला चैतेको रोपाइँ गर्न भ्याइनभ्याइ थियो । तर, यो पटक गत वर्षको जस्तो उत्साह र जाँगर किसानमा छैन । कारण हो, मूल्य दुई वर्षअघि किसानले बर्खे र चैते दुवै धानको मूल्य राम्रो पाएका थिए ।

सरकारलेसमेत बेलैमा चैते धानको मूल्य तोक्दा किसानमा उत्साह थपिएको थियो । बजार भाउ पनि राम्रै मिलेको थियो । तर, पछिल्लो पटकको चैते धान र बर्खे धानले अघिल्लो वर्षको जस्तो मूल्य पाएन । गतवर्ष किसानले चैते धानको मूल्य प्रतिमन ६ सय देखि ७ सय पाएका थिए भने बर्खे धान एक हजार २ सयदेखि रु एक हजार ३ सयसम्म पाएका थिए । गत वर्षको तुलनामा यो वर्ष करिब १५ देखि २० प्रतिशत चैते धानको क्षेत्रफल घट्ने कृषि ज्ञान केन्द्र झापाका प्रमुख सागर विष्ट बताउँछन् ।

'गत वर्ष किसानले चैते धानको मूल्य नै पाएनन्' उनले भने, 'किसानलाई लागत उठाउन पनि मुस्किल पर्‍यो ।' मूल्य नपाएकै कारण यो वर्ष झापा जिल्लामा चैते धानखेतीको क्षेत्रफल घट्ने प्रमुख विष्ट बताउँछन् ।

'तीन हजारदेखि चार हजार हेक्टरसम्म चैते धानखेती घट्ने अनुमान गरेका छौं' उनले भने ।



आव २०८१/८२ मा सरकारले १८ प्रतिशतसम्म चिस्यान भएको चैते धानको सर्मथन मूल्य न्यूनतम् प्रतिक्विन्टल दुई हजार ८ सय ६९ निर्धारण गरेको थियो । तर, किसानले मुस्किलले प्रतिक्विन्टल रू एक हजार पाँच सयदेखि एक हजार ७ सय ५० सम्म मात्र पाएका थिए ।

सरकारले आव २०८०/८१ को तुलनमा आव २०८१/८२ मा चैते धानको मूल्य प्रतिक्विन्टल ९३.४१ रुपैयाँ बढायो । तर, किसानले पुरानै मूल्य पनि पाएनन् । चालु आर्थिक वर्षका लागिसमेत सरकारले बर्खे धानको न्यूनतम समर्थन मूल्य बढायो । मन्त्रिपरिषद्को बैठकले मोटा धानको मूल्य प्रतिक्विन्टल तीन हजार ४ सय ६३.८१ तोक्यो भने मध्यम धानको न्यूनतम समर्थन मूल्य प्रतिक्विन्टल तीन हजार ६ सय २८.३३ तोक्यो । अघिल्लो वर्ष मोटा धानको न्यूनतम समर्थन मूल्य तीन हजार ४ सय १० थियो भने वर्ष मध्यम धानको न्यूनतम मूल्य तीन हजार ५ सय ८० तोकिएको थियो । तर, किसानले बढेको त परै जाओस् पुरानै मूल्य पनि पाएनन् ।

बर्सेनी सरकार मूल्य बढाउँदै जाने र किसानले मूल्य नपाउने शृंखला चलिरहेको छ । मिल उद्योगी र व्यवसायीले नै किसानलाई आफूखुसी धानको मूल्य दिने गरेका छन् । मिल उद्योगीको गुनासो बेग्लै छ । उनीहरुले उद्योग नै संकटमा परेको गुनासो गर्छन् गरिरहेका छन् ।

आव २०८०/८१ मा चैते धानको किसानले उचित मूल्य पाएका थिए । उक्त आवमा १९ हजार ८ सय ५० हेक्टरमा एक लाख चार हजार १४ मेट्रिकटन चैते धान उत्पादन भएको थियो । मूल्य राम्रो पाएपछि आव २०८१/८२ मा चैते धानखेतीको क्षेत्रफल एक सय हेक्टर बढेर १९ हजार ९ सय ५० हेक्टर पुगेको थियो भने एक लाख छ हजार १ सय ३४ मेट्रिक टन चैते धान उत्पादन भएको कृषि ज्ञान केन्द्रका प्रमुख विष्टले जानकारी दिए ।

**ब्युँताइँदै..**

यसरी १६ वटा विषयगत समितिले स्वकीय सचिव बाहेकका कर्मचारीको सुविधा प्राप्त गर्दै आएका थिए । तर सरकारले यी सबै सुविधा खोस्ने गरी संघीय संसद्का पदाधिकारी तथा सदस्यहरूको पारिश्रमिक र सुविधा सम्बन्धी ऐन, २०७३ को अनुसूचीमा हेरफेर गरेको थियो ।

अब ती सुविधा पुनः ब्युताउँन यही ऐनको अनुसूची हेरफेर गर्ने कि प्रतिनिधिसभा नियमावलीमा यो विषय राख्ने भन्ने बारे ठोस निकर्षमा पुगेका छैनन् । नयाँ सरकार आएपछि यो विषयमा थप छलफल हुने संसद् सचिवालयका अधिकारीहरू बताउँछन् ।

**जेनजी आन्दोलनमा...**

नदिन कुमभन्दा मुनिको देब्रे हात काट्नुपरेको थियो । अहिले रविलक्ष्मी हात पाक्ने, फोका उठ्ने, सुन्निनेलगायत समस्या झेल्दै आएकी छन् । खनालका अनुसार पूर्ण रूपमा सञ्चो हुन अझै एक वर्ष लाग्छ ।

जबसम्म दाहिने हातलाई छुन सक्ने अवस्थामा पुर्‍याउन सकिँदैन, तबसम्म थेरापी गराइरहनुपर्ने उनले जानकारी दिए । 'डेड सेलहरू फोकामार्फत निकाल्न समय लाग्दोरहेछ, राम्रो सेलहरू उत्पादन हुन पनि उत्तिकै समय लाग्छ,' खनालले भने, 'उनको श्वासनली नै जलेको अवस्था थियो । अझै पनि उनको आवाज आएको छैन ।' खनालका अनुसार रविलक्ष्मी सामान्य बोल्छिन् तर उनको 'ओरिजिनल' आवाज अझै फर्केको छैन ।

**पार्टीबाटै सहयोग नपाएको गुनासो**

खनालका अनुसार चित्रकारको पहिलो चरणको उपचारमा डेढ करोडभन्दा बढी खर्च भइसकेको छ । कम्युनिस्टहरूले नै सहयोग नगरेको उनको दुखेसो छ । 'हामी कम्युनिस्ट पार्टीका नेता-कार्यकर्ता हौं, एकआपसमा सहयोग गर्ने भावना पहिला त असाध्यै राम्रो थियो,' उनले भने, 'एकअर्कालाई सहयोग गर्नुपर्छ भन्ने भावना अहिले त मरिसकेछ ।'

पार्टीबाट पनि कुनै सहयोग नभएको उनले बताए । 'केही साथीहरूले तत्काल सहयोग गरेर भारतसम्म उपचार गराउन लगियो,' उनी भावुक हुँदै भन्छन्, 'त्यसबाहेकको ऋण अझै थपिँदै छ, जलेको घर बनाउनेभन्दा पनि कसरी बाँच्ने भन्ने समस्या छ ।'

नेपाली समाजमा प्रधानमन्त्री भएका नेताहरूसँग करोडौंको सम्पत्ति हुन्छ भन्ने मानसिकता रहेको उनको बुझाइ छ । 'म त्यो वर्गमा परिनँ,' उनले भने, 'मैले आजसम्म कसैको एक पैसा पनि तल-माथि गरेको छैन ।' सरकार र पार्टी कसैबाट पनि सहयोग नपाएको, ऋण लिएर श्रीमतीको उपचार गराइरहेको खनाल बताउँछन् ।

ज्यान मार्ने उद्देश्यले भौतिक आक्रमण भएकाले कारबाहीको माग गर्दै अदालतमा मुद्दा हालेको उनले बताए । चित्रकारलाई जिउँदै आगो लगाउने काममा संलग्न रहेको आरोप लागेका बझाङको जयपृथ्वी नगरपालिका-११ घर भएका ३६ वर्षीय दिलबहादुर खातीविरुद्ध १० करोड २४ लाख ५० हजार रुपैयाँबराबरको क्षतिपूर्ति भराउन माग गरिएको छ ।

**विदेशको उपचारमा केही गर्न सक्दैनौं : मन्त्रालय**

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका प्रवक्ता डा. प्रकाश बुढाथोकी जनस्वास्थ्य निर्देशिका नियम, ऐनका कारण चित्रकारको उपचारको खर्चमा कुनै सहयोग गर्न नसक्ने बताउँछन् । 'देशमा हुने उपचारको सुविधा हुँदाहुँदै बाहिरी देश नपठाउने निर्देशिका छ,' उनले भने, 'कुनै मन्त्री वा मन्त्रालयको सल्लाहले उपचारका लागि बाहिर देश जानुभएको हो, उहाँले नै क्याबिनेटबाट पास गराउनुहुन्छ होला गराए पनि ।'

ऐनका कारण आफूहरू यसमा सकारात्मक हुन नसक्ने उनले बताए । कीर्तिपुर बर्न अस्पतालमा लागेको खर्चचाहिँ व्यहोर्न मिले पनि त्यसबाहेकको अन्य खर्च व्यहोर्न नमिल्ने उनी बताउँछन् । 'नेपालमा हुने जुनसुकै उपचार, चाहे पूर्वराजा, राष्ट्रपति, प्रधानमन्त्री, नेता, प्रजाको उपचार नेपालमै गराउनुपर्छ भन्ने स्वास्थ्य मन्त्रालयको ऐनमा छ,' उनले भने, नेपालमा उपचार सम्भव नभएको अवस्थामा भने नेसनल मेडिकल बोर्डले सिफारिस गरेको हुनुपर्छ ।'

बोर्डले पनि चित्रकारको उपचारका लागि सिफारिस नगरेको उनले बताए । 'नेसनल बोर्डले सिफारिस गरेको भए स्वास्थ्य मन्त्रालयलाई जानकारी हुने थियो,' उनले भने, 'चित्रकारको सिफारिस भएको छैन, मन्त्रालयमा जानकारी छैन, नियम-कानुनले दिँदैन ।'

**गगनको...**

बसेको बैठकमा उनी अनुपस्थित रहेपछि उपसभापति विश्वप्रकाश शर्माको अध्यक्षतामा छलफल भएको थियो । सहमहामन्त्री उदय शमशेर राणाका अनुसार, चुनावी नतिजाबारे देशभरबाट प्रतिवेदन आएपछि सूक्ष्म विश्लेषण गरिनेछ ।

कांग्रेस सहमहामन्त्री डा. डिला संग्रौलाले पराजयलाई अवसरका रूपमा रूपान्तरण गर्ने तयारी भइरहेको बताइन् । 'जनताका वास्तविक समस्या र अपेक्षाको अध्ययन गरी पार्टीलाई पुनः जनतासँग जोड्ने नयाँ कार्यक्रम ल्याउँछौं,' उनले भनिन् । अघिल्लो निर्वाचनमा ८९ सिटसहित पहिलो दल बनेको कांग्रेस यसपटक ३८ सिटमा खुम्चिएपछि नेतृत्वमाथि नैतिक दबाब बढेको छ । तत्कालीन सभापति शेरबहादुर देउवालाई विशेष महाधिवेशनबाट हटाएर सुधारिएको कांग्रेसको नारा लिएर सभापति थापा चुनावमा गएका थिए । पार्टीले इतिहासकै सबैभन्दा ठूलो पराजय बेहोर्दा थापा आफै सर्लाही-४ मा पराजित हुन पुगे । संसद्मा प्रमुख प्रतिपक्ष रहे झण्डै दुई तिहाई बहुमतको रास्वपालाई खबरदारी गर्न प्रतिपक्ष आवाज पर्याप्त देखिँदैन् । तयसैले अब कांग्रेसले सदनदेखि सडकसम्म जनजीविकाका मुद्दामा सक्रिय भूमिका खेल्ने रणनीति बनाएको सहमहामन्त्री संग्रौला बताउँछिन् ।

उपसभापति शर्माले चुनावी पराजयका २७ कारण औंल्याउँदै केन्द्रीय समितिमा प्रस्ताव अघि सारेका छन् । निराशा झ्याङ्गिने मौका दिइएको र त्यसको मुख्य कारण प्रतिपक्ष स्वरलाई कमजोर पार्नु रहेको उनको ठम्याइ छ । त्यसो भनेर उनले कांग्रेस-एमाले गठबन्धनको झण्डै दुई तिहाई बहुमतको सरकारलाई संकेत गरेका हुन् । कांग्रेसको हारका पछाडि उपसभापति शर्माले ढिलासुस्तीले नागरिकमा बढेको आक्रोश र ३५ वर्षमा देशमा केही नभएको भाष्यलाई कारण देखेका छन् । त्यस्तै, श्रीलंका बन्ने त्रासको असर, 'लोकप्रियतावाद' को लहर नबुझ्नु र 'एल्गोरिदम' को ' उपनिवेश' बाट मुक्तिको प्रश्नदेखि पुरानो ढाँचाले, नवीन चुनौती धान्न नसक्नु मुख्य कारण भनेका छन् । संगै प्रश्न गरेका छन्, 'वैदेशिक रोजगारी अपराध थिएन, के अब यो अन्त्य हुन्छ ?'

एमाले पनि चुनावी परिणामको समीक्षा गर्दै संगठन सुदृढीकरणमा केन्द्रित भएको छ । सचिव महेश बस्नेतले सामाजिक सञ्जालमा फैलिएको नकारात्मक प्रचार र बाह्य प्रभावका कारण परिणाम प्रभावित भएको टिप्पणी गरे । ' परिणामलाई स्वीकार्दै पार्टीभित्र र बाहिरका कारणहरूको विश्लेषण गरी नयाँ ढंगले जनतामाझ जाने कार्यक्रम बनाउँछौं,' उनले भने ।

एमालेभित्र नेतृत्व परिवर्तनको मुद्दा पुनः उठ्न थालेको छ । जेनजी आन्दोलनपछि अध्यक्ष ओलीलाई नेतृत्व छाड्न दबाब थियो । तर, उनी ११औं महाधिवेशनबाट पुनःनिर्वाचित भएर आए । अहिले चुनावी पराजयपछि संस्थापनइतर नेताहरुले ओलीले नेतृत्व छाड्नुपर्ने बहसलाई अघि सारेका छन् । उपमहासचिव योगेश भट्टराई र पूर्वउपाध्यक्ष सुरेन्द्र पाण्डेलगायत नेताहरुले पराजयको जिम्मेवारी नेतृत्वले लिनुपर्ने बताएका छन् । तर, ओली निकट नेताहरूले वर्तमान अवस्थामा नेतृत्व परिवर्तनले पार्टीमा थप अस्थिरता ल्याउन सक्ने तर्क गर्दै आएका छन् ।

नेपाली कम्युनिष्ट पार्टी पनि अपेक्षाअनुसार परिणाम नआएपछि समीक्षा सुरु गरेको छ । नेता वर्षमान पुनले विचार, संगठन, नेतृत्व र कार्यशैलीमा सुधार गर्दै पुनः जनतामाझ जाने बताए । 'हामीलाई पुरानै शक्ति ठानियो, अब जनताको विश्वास जित्न फेरि मैदानमा जान्छौं,' उनले भने ।

पार्टी संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड'ले नेतृत्व छाड्ने संकेत देखाएका छैनन् । बरु आन्तरिक अनुशासन कडाइ गर्ने संकेत दिएका छन् । निर्वाचनमा अन्तरघात गर्ने र असहयोग गर्ने नेताहरूको पहिचान गरी कारबाही गर्ने तयारीमा नेतृत्व लागेको छ । केन्द्रीय समितिका, जनवर्गिय संगठनको नेतृत्व तहमा भएका र प्रदेश तथा जिल्ला तहको नेतृत्वमै रहेका ५० प्रतिशत नेताहरूले घण्टीमा भोट हालेको पाइएकाले त्यस्ता नेताहरूमाथि निर्मम भएर कारबाही गर्ने घोषणा प्रचण्डले गरिसकेका छन् ।

**दोहा र दुबई...**

आवश्यक समन्वय गरिएको मन्त्रालयको भनाइ छ । पश्चिम एसिया तनाव सुरु भएको शुक्रबार २१ दिन बितिसकेको छ । त्यहाँ तनाव कम गर्नका लागि विभिन्न प्रयासहरू भइरहेको भए पनि गल्फ कोअपरेसन काउन्सिल (जिसिसी) सदस्य मुलुक लक्षित ड्रोन तथा मिसाइल आक्रमण जारी नै रहेको देखिएको छ ।

मन्त्रलयलका प्रवक्ता लोकबहादुर क्षेत्री पौडेलले पश्चिम एसियाको समग्र अवस्था, नेपालीको सुरक्षाका बारेमा जानकारी गराउँदै हालसम्म युएईमा एक जना नेपालीको निधन भएको र २० जना नेपालीलाई सामान्य चोटपटक लागेको बताए ।

'घाइतेमध्ये एक जनाबाहेक सबै जना उपचारपछि घर फर्केको अवस्था छ । अस्पतालमा रहेका एक जना नेपाली पनि खतरामुक्त हुनुहुन्छ,' उनले भने, 'यी घटनाबाहेक उक्त क्षेत्रका सबै मुलुकमा रहनुभएका सबै नेपालीहरू सुरक्षित हुनुहुन्छ ।'

मन्त्रालयको कन्सुलर सेवा विभागले उक्त क्षेत्रमा रहेका नेपालीको विवरण संकलनका लागि खोलेको अनलाइन फाराम भर्ने नेपालीको संख्या शुक्रबारसम्म ८२ हजार एक सय पुगेको प्रवक्ता क्षेत्रीले बताए ।

यसैगरी त्रास वा डर फैलाउने उद्देश्यका साथ फोटो, भिडियो वा अन्य कन्टेन्ट बनाउने तथा त्यस्ता सामग्री सेयर गर्ने सात जना नेपाली पक्राउ परेका छन् । 'संकटको समयमा आफू बसेको देशका सरकारले जारी गरेका सुरक्षासम्बन्धी नियम कानुनको पूर्ण पालना गर्नु सबैको कर्तव्य र दायित्व हो,' उनले भने, 'हालको विषम परिस्थितिमा जारी भएका सूचना एड्भाइजरी तथा निर्देशनहरू कानुनसरह लागू हुने भएकाले उल्लंघन गरेमा ठुलो जरिवाना हुने, जेल बस्नुपर्ने र डिपोर्ट हुनुपर्नेलगायतका गम्भीर कानुनी कारबाही भोग्नुपर्ने हुन्छ ।'

नेपालले यही मार्च १ तारिखमा प्रेस वक्तव्य जारी गरी द्वन्द्वरत पक्षहरूलाई तनाव थप नबढाउन, अधिकतम संयमता अपनाउन, अन्तर्राष्ट्रिय कानुनको पालना गर्न, नागरिक तथा नागरिक पूर्वाधारहरूको सुरक्षामा ध्यान दिन तथा अन्तर्राष्ट्रिय मानवीय कानुनको सम्मान गर्न आग्रह गरेको थियो ।

त्यसैगरी, आपत्कालीन नियन्त्रण कक्षमा हालसम्म ७८ वटा कलसहित १७० पटक सम्पर्क गरिएको छ भने धेरैजसो विषयहरू सुरक्षा र श्रम स्वीकृतिसँग सम्बन्धित रहेका मन्त्रालयले जनाएको छ । नेपालका १० वटै नियोगहरूमा पनि हटलाइन राखिएको र त्यहाँबाट समस्यामा परेका नेपालीहरूको विवरण लिने र समन्वय गर्ने कार्य भइरहेको मन्त्रालयको मध्य एसिया, पश्चिम एसिया तथा अफ्रिका महाशाखाका प्रमुख रामकाजी खड्काले जानकारी दिए ।

'हाल अनलाइन प्रणालीमा, नियोगमा र यहाँ नियन्त्रण कक्षमा फोन गरेर म असुरक्षित छु भन्ने खालको समस्या बताउने क्रम क्रमशः घट्दै गएको देखिन्छ,' उनले भने, ' कन्ट्रोल रूममा शुक्रबार कुनै पनि सम्पर्क (कल, मेसेज वा इमेल) गरिएको छैन भने बिहीबारमात्र सात कल वा मेसेज प्राप्त भएका थिए ।'

आपत्कालीन प्रतिकार्य समूहको तेस्रो बैठकका निर्णयअनुसार पुनः श्रम स्वीकृतिको विषय लागू भएको उनले बताए । त्यसैगरी, मन्त्रालयले हालको राहदानी प्रणालीबाट नयाँ प्रणालीमा स्थानान्तरण गर्ने प्रक्रियामा रहेको जनाएको छ । राहदानी विभागका महानिर्देशक तीर्थराज अर्यालले नयाँ राहदानी प्रणाली कार्यान्वयन योजनाका सम्बन्धमा जानकारी गराए ।

# निर्वाचन सफल पार्न भूमिका खेल्ने सबैलाई प्रधानमन्त्रीको धन्यवाद

**काठमाडौं/मस–** प्रधानमन्त्री प्रधानमन्त्री सुशीला कार्कीले हालै सम्पन्न निर्वाचनलाई सफल बनाउन महत्वपूर्ण भूमिका खेलेका सुरक्षा निकायका पदाधिकारी, कर्मचारी तथा सम्पूर्ण मतदाताप्रति धन्यवाद व्यक्त गरेकी छिन् ।

मधेश प्रदेश राजधानी जनकपुरमा आयोजित कार्यक्रममा उनले कठिन र चुनौतीपूर्ण घडीमा पनि निर्वाचन शान्तिपूर्ण, निष्पक्ष र व्यवस्थित रूपमा सम्पन्न गर्न विभिन्न तहमा खटिएका सुरक्षा अधिकारीहरू, प्रशासनिक कर्मचारी तथा सरोकार भएका निकायको योगदानको उच्च प्रशंसा गरेकी प्रधानमन्त्रीका प्रेस सल्लाहकार रामबहादुर रावलले जानकारी दिए ।

साथै, प्रदेश-प्रदेशमा रहेका सुरक्षा निकायका प्रमुख तथा निर्वाचन व्यवस्थापनमा संलग्न अधिकारीहरूलाई बधाई दिँदै उनले उनीहरूको समर्पण र जिम्मेवारीप्रति कृतज्ञता व्यक्त गरेकी थिइन् । प्रधानमन्त्री कार्कीले भनिन्,' हामीले बनाएको योजना तपाईंहरूले उत्कृष्ट रूपमा कार्यान्वयन गर्नुभयो ।



हामीले लिएको संकल्पलाई तपाईंहरूले सफलतापूर्वक पूरा गरिदिनुभयो । यसका लागि म आभारी छु । मान्छेहरू मलाई बधाइ भनिरहेका छन् । यसको वास्तविक हकदार तपाईंहरू हो ।'

त्यसअवसरमा सुरक्षा निकायका अधिकारीहरूले पनि यस्तो महत्वपूर्ण राष्ट्रिय अनुष्ठानको अंग बन्न पाएकामा खुसी व्यक्त गर्दै प्रधानमन्त्री कार्कीजस्तो नेतृत्वसँग काम गर्न पाउनु गर्वको विषय भएको बताएका थिए । उनीहरूले निर्वाचनका दौरान देखेभोगेका अनुभव पनि सुनाएका थिए ।

**जानकी मन्दिरमा दर्शन तथा पूजाआराधना**

प्रधानमन्त्री कार्कीले जनकपुरधामस्थित प्रसिद्ध धार्मिकस्थल जानकी मन्दिरमा दर्शन तथा पूजाआराधना गरेकी छिन् । शुक्रबार बिहान नेपाली सेनाको हेलिकप्टरमार्फत पुगेकी प्रधानमन्त्री कार्कीले प्रसिद्ध जानकी मन्दिरमा विशेष पूजाअर्चना गरेकी हुन् ।

त्यसअवसरमा मन्दिरका महन्थ रामतपेश्वर दास तथा उत्तराधिकारी महन्थ रामरोशन दासले स्वागत गर्नुका साथै पुष्पमाला तथा प्रसाद प्रदान गरेका थिए । मन्दिरका पुजारीबाट स्वस्तिवाचनसमेत गरिएको थियो । पूजा आराधनापश्चात् प्रधाममन्त्री कार्कीले मन्दिरको परिक्रमा गरी अवलोकनका साथै आवश्यक जानकारी लिएकी थिइन् । पूजापछि सञ्चारकर्मीसँग संक्षिप्त कुराकानी गर्दै उनले जनकपुरधाममा आफ्नो विशुद्द धार्मिक यात्रा भएको बताइन् ।

प्रधानमन्त्री कार्कीले जनकपुरधाम नेपालको धार्मिक तथा सांस्कृतिक दृष्टिले अत्यन्त महत्त्वपूर्ण स्थल भएको बताइन् । उनले जनकपुरधामसहित देशभरका धार्मिक तथा ऐतिहासिक सम्पदाको संरक्षण र प्रवर्धनमा सरकार प्रतिबद्ध रहेको उल्लेख गरिन् ।

प्रधानमन्त्री कार्कीले जनकपुरधामलाई अन्तर्राष्ट्रियस्तरको धार्मिक पर्यटकीय गन्तव्यका रूपमा विकास गर्ने सरकारको लक्ष्य रहेको उल्लेख गरिन् ।

उनले अन्तरिम सरकार जनताको अपेक्षाअनुसार सुशासन, विकास र स्थायित्वका लागि केन्द्रित रहेको बताउँदै सबै पक्षसँग सहकार्य गरेर अघि बढ्ने प्रतिबद्धता जनाइन् ।

# चुनावमा अन्तर्घात गर्नेलाई कारबाही गर्ने प्रचण्डको घोषणा



**काठमाडौं/मस–** नेपाली कम्युनिस्ट पार्टी (नेकपा)का संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड'ले पार्टीभित्रबाट निर्वाचनमा असहयोग भएको निष्कर्षसहित अनुशासनात्मक कारबाही अघि बढाउने र त्यसैबाट संगठन पुनर्गठन प्रक्रिया सुरु गर्ने बताएका छन् ।

जनवर्गीय संगठनका नेताहरूसँग भएको छलफलमा उनले केन्द्रीय तहका सदस्यहरूबाटै 'घण्टी' चुनाव चिह्नमा मत गएको विवरण प्राप्त भएको उल्लेख गर्दै यसलाई गम्भीर रूपमा लिइएको बताए । प्राप्त प्रतिवेदनअनुसार झन्डै आधा केन्द्रीय सदस्यले वैकल्पिक शक्तितर्फ मत दिएको संकेत देखिएको उनको भनाइ थियो ।उनले सम्बन्धित निकायलाई स्पष्ट विवरणसहित प्रतिवेदन पेश गर्न निर्देशन दिँदै कसले मतदानमा सहभागिता जनाएन, कसले फरक चिन्हमा मत दियो भन्ने तथ्यसहित जानकारी उपलब्ध गराउन आग्रह गरे । यस्ता गतिविधिमा संलग्नमाथि कडा कारबाही अपरिहार्य रहेको उनले बताए ।

'प्रचण्ड'ले निर्वाचनपछिको समीक्षा प्रक्रिया जारी रहेको जानकारी दिँदै प्रमाणसहित दोषी पहिचान भएपछि बिना हिचकिचाहट कारबाही गरिने स्पष्ट पारे । उनले यही प्रक्रियाबाट पार्टी पुनर्गठनको आधार तयार हुने र संगठनलाई नयाँ ढाँचामा अघि बढाइने धारणा व्यक्त गरेका छन् ।

पार्टीका संरचना र कमिटीहरूलाई थप व्यवस्थित र सक्रिय बनाउने तयारी भइरहेको उल्लेख गर्दै उनले हालको राजनीतिक परिणाममा विभिन्न आन्तरिक तथा बाह्य कारणहरूको प्रभाव परेको बताए । राष्ट्रिय स्वतन्त्र पार्टीले पाएको समर्थनका पछाडि पनि बहुआयामिक कारणहरू रहेको उनको विश्लेषण थियो ।

उनले उदाहरण दिँदै केवल विकास कार्य, आर्थिक स्रोत वा प्रचारप्रसारले मात्रै निर्वाचन जित सुनिश्चित नहुने उल्लेख गरे। यस सन्दर्भमा विनोद चौधरी र नारायणमान बिजुक्छेजस्ता उदाहरण प्रस्तुत गर्दै मतदाताको धारणा निर्णायक हुने निष्कर्ष व्यक्त गरेका छन् ।

# सेतो मच्छिन्द्रनाथको रथ यात्राका लागि रथ निर्माण कार्य सुरु



**काठमाडौं/मस–** सेतो मच्छिन्द्रनाथको रथयात्राका लागि जमलस्थित तीनधारा पाठशालामा रथ निर्माण कार्य सुरु भएको छ । वर्षा र सहकालका देवता मानिने आर्याअवलोकितेश्वरको मूर्तिको रथयात्राका लागि रथ बनाउन सुरु गरिएको हो ।

काठमाडौं उपत्यकाका वृद्धवृद्धालाई दर्शन गराउन रथलाई नगर परिक्रमा गराउने चलनअनुसार सेतो मछिन्द्रनाथको रथयात्रा गर्ने गरिन्छ । यसपटकको सेतो मच्छिन्द्रनाथको जात्रा १२ चैतमा परेको छ । करुणामय र आर्याअवलोकितेश्वरको नामबाट पनि चिनिने सेतो मच्छिन्द्रनाथलाई जनबहालबाट खटमा राखी तीनधारा पाठशालामा बनाइएको रथमा प्रतिस्थापन गराइएपछि नगर परिक्रमा गर्ने प्रचलन रहिआएको छ। यात्राको अन्तिम दिन लगनटोलस्थित मच्छिन्द्रनाथकी आमालाई तीनपटक परिक्रमा गराएपछि रथयात्रा सम्पन्न हुन्छ । किंवदन्तीअनुसार परापूर्व कालमा जमल क्षेत्रको खेतमा एक जना ज्यापुले खेत खन्दा सेतो मच्छिन्द्रनाथको मूर्ति फेला पारेका थिए ।

उक्त मूर्तिलाई घर लगी धानको भकारीभित्र लुकाइराख्दा त्यस भकारीबाट जति धान झिक्दा पनि नसकिएपछि मूर्तिलाई अन्नदाता ठह-याइ जनबहालमा स्थापना गरिएको किंवदन्ती छ । सोही परम्पराअनुसार अहिले पनि मूर्ति फेला परेकै स्थान जमलमै रथ बनाउने चलन छ । उपत्यकामा जमल र बनेपा, नालाको सेतो, ललितपुरको बुङमति र चोभारको रातोसहित चारवटा मच्छिन्द्रनाथ छन् ।

# विपद्मा परी एक महिनामा १८ जनाको मृत्यु, १२४ घाइते

**काठमाडौं/मस–** नेपालमा गएको एक महिनामा विपद्जन्य घटनामा परेर १८ जनाको मृत्यु भएको छ ।

नेपाल प्रहरीका केन्द्रीय प्रवक्ता प्रहरी नायब महानिरीक्षक अविनारायण काफ्लेले फागुनमा ५ सय २ वटा विपद्जन्य घटना भएको र ती घटनाबाट १८ को मृत्यु र १ सय २४ जना घाइते भएको जानकारी दिए ।

मृत्यु हुनेमा पाँच पुरुष, नौ महिला र चार जना बालबालिका छन् । यसैगरी घाइते हुनेमा ५३ पुरुष, ५३ महिला र १८ जना बालबालिका रहेका छन् । ती विपद्मा ७४ वटा घर, ३५ वटा गोठमा क्षति पुगेको र १०६ वटा पशुचौपाय मरेको प्रहरी मुख्यालयले जनाएको छ । ती विपद्बाट ५० परिवार



विस्थापित भएका छन् ।

मुख्यगरी आगलागी, चट्याङ, जनावर आक्रमण, महामारी, हुरीबतास, हिमपात, लेक लाग्ने, सर्पदंशलगायत घटनाबाट उक्त क्षति भएको हो ।

प्रहरी प्रधान कार्यालयले दिएको जानकारीअनुसार फागुनमा सबैभन्दा बढी विपद्का घटना कोशीमा १ सय ४३ वटा घटेको छ । मधेस प्रदेशमा १ सय ६, बागमती प्रदेशमा ३३, काठमाडौं उपत्यकामा ३५, गण्डकी प्रदेशमा ५२, लुम्बिनी प्रदेशमा ६३, कर्णाली प्रदेशमा २८ र सुदूरपश्चिम प्रदेशमा ४२ वटा विपद्का घटना भएका छन् ।

ती विपद्का घटनाबाट करिब १५ करोडभन्दा बढीको आर्थिक क्षति भएको अनुमान गरिएको पनि प्रवक्ता काफ्लेले बताए ।

# दुई फर्मलाई विभागको जरिवाना

**काठमाडौं/मस–** कानुनविपरीत व्यापार व्यवसाय गरेको अभियोगमा वाणिज्य, आपूर्ति तथा उपभोक्ता विभागले दुईवटा फर्मलाई जरिवाना गरेको छ ।

स्थलगत अनुमगनका क्रममा कैफियत देखिएपछि विभागले काठमाडौं महानगरपालिका सिनामंगलमा रहेको जमकटेल फर्मालाई दुई लाख पाँच हजार जरिवाना गरेको छ ।




त्यसैगरी, भक्तपुरको सल्लाघारीमा अवस्थित ख्वप हार्डवेयरलाई रु २० हजार जरिवाना गरेको छ । ती दुवै फर्मलाई उपभोक्ता संरक्षण ऐन, २०७५ बमोजिमको कसुरमा कारबाही गरिएको हो ।

यस्तै, विभागले थप ११ फर्मलाई भने सुधारात्मक निर्देशन दिएको छ । विभागले स्थानीय प्रशासन, उपभोक्ता अधिकारकर्मी तथा सरोकारवालाको उपस्थितिमा नियमित रूपमा बजार अनुमगन गर्दै आएको छ ।

# निःशुल्क शिविरमा १६३ जनाको आँखा परीक्षण




**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
सर्लाही, ६ चैत

सर्लाहीको बरहथवा नगरपालिकामा एक दिवसीय निःशुल्क मोतिविन्दु शल्यक्रिया छनौट तथा आँखा शिविर शुक्रबार सम्पन्न भएको छ । बरहथवा नगरपालिका वडा नं. १ को आयोजना तथा नेपाल नेत्रज्योति संघ, गौर आँखा अस्पताल (पुरेनवा, रौतहट) को प्राविधिक सहयोगमा उक्त शिविर सञ्चालन गरिएको हो ।

बरहथवा नगरपालिका वडा नं. १ स्थित हजरिया नयाँ बजारमा सञ्चालित शिविरमा स्थानीयबासिन्दाहरूको उल्लेख्य सहभागिता रहेको थियो। शिविरमा कुल १ सय ६३ जना ७७ महिला र ८६ पुरुषको आँखा परीक्षण गरिएको आयोजकले जनाए ।

शिविरको मुख्य शल्यक्रियाका लागि छनौट गरी परीक्षण गरिएकामध्ये ५३ जनामा मोतिविन्दुको समस्या देखिएकाले उनीहरूलाई निःशुल्क शल्यक्रियाका लागि छनौट गरिएको छ, आँखामा सामान्य समस्या भएका ८६ जनालाई निःशुल्क औषधि वितरण गरिएको छ, दृष्टिदोष भएका २३ जनालाई आवश्यकता अनुसार चश्मा वितरण गरिएको थियो ।

शिविरमा नेपाल नेत्रज्योति संघ गौर आँखा अस्पतालका ८ जना विशेषज्ञ चिकित्सक तथा स्वास्थ्यकर्मीहरूको टोलीले सेवा प्रदान गरेको थियो ।

शिविरलाई सफल पार्न मदन चौधरी, राजिव यादव, सुयोग्य मगर, सत्येन्द्र पाण्डे, रामअयोध्या यादव, रामजनम यादव, विवेक कुमार सिंह र गौरीशंकर राउत लगायतको सक्रिय भूमिका रहेको थियो ।

शिविरका संयोजक सत्येन्द्र पाण्डेका अनुसार ग्रामीण क्षेत्रका विपन्न नागरिकहरूलाई घरदैलोमै गुणस्तरीय आँखा उपचार सेवा पु-याउने उद्देश्यले यो कार्यक्रम आयोजना गरिएको हो । छनौट भएका मोतिविन्दुका बिरामीहरूको गौर आँखा अस्पतालमा निःशुल्क शल्यक्रिया गरिने समेत उनले जानकारी दिए ।

*कर्णाली प्रदेशसभा बैठक*

# हवाई सेवासम्बन्धी संकल्प प्रस्ताव पारित



**सुर्खेत/मस–** कर्णाली प्रदेशसभामा शुक्रबार बसेको बैठकमा प्रदेशसभाबाट पहाडी तथा दुर्गम जिल्लामा नियमित हवाई सेवासम्बन्धी संकल्प प्रस्ताव पास भएको छ ।

प्रदेशसभा सदस्य हिक्मतबहादुर विष्टले प्रदेशसभामा पेस गरेको उक्त संकल्प प्रस्ताव सर्वसहमतिले पास गरेको हो । उक्त प्रस्तावको समर्थकमा प्रदेशसभा सदस्य दक्षिणा शाही, टेकराज पछाइ रहेका थिए । उक्त प्रस्तावको पक्षमा प्रदेशसभा सदस्य उर्मिला विकले समर्थन गर्नुभएको थियो । उद्योग, पर्यटन, वन तथा वातावरणमन्त्री सुरेश अधिकारीले प्रदेशसभामा उठेका कुराको जवाफ दिँदै हवाई सेवाका लागि ४० लाख बजेट विनियोजन भएको बताए ।

यो रकम कार्यान्वयन गर्नका लागि मन्त्रालयमा कार्यविधि मस्यौदा निर्माणको चरणमा रहेको जानकारी दिए ।

कर्णाली प्रदेशको राजधानी सुर्खेतबाट प्रदेशका पहाडी तथा दुर्गम जिल्लामा नियमित हवाई उडान गर्ने सम्बन्धमा बनेको संकल्प प्रस्ताव सर्वसहमतिले पास भएसँगै संघीय सरकारसँग छलफल हुने प्रदेशसभा सदस्यहरूले बताएका छन् । कर्णालीको राजधानी वीरेन्द्रनगर सुर्खेतबाट दुर्गम तथा हिमाली जिल्लामा उडान नहुँदा लुम्बिनी प्रदेशको नेपालगञ्जबाट यात्रुले हवाई सेवा लिने गरेका छन् ।

**ग्यास अभावको असर**

# भारतमा रहेका नेपाली मजदुर फर्किँदै

**सुदूरपश्चिम/मस–**भारतका विभिन्न सहरमा होटल तथा व्यवसायमा मजदुरी गर्ने कतिपय नेपाली खाना पकाउने ग्यासको अभाव भएपछि स्वदेश फर्किन थालेका छन् । विशेषगरी होटलमा काम गर्नेहरू ग्यासको अभावमा व्यवसाय बन्द हुने अवस्था देखिएपछि स्वदेश फर्किन थालेका हुन् ।

कैलालीको नेपाल-भारत सीमानाका त्रिनगरमा भेटिएका डोटीका रोशन खड्काले ग्यास अभावले आफू कार्यरत होटल बन्द हुने अवस्थामा पुगेपछि स्वदेश फर्किएको बताए ।

'खाने र बस्ने सुविधा होटलमा थियो,' भारतको मुम्बइबाट स्वदेश फर्किँदै गरेका उनले भने, 'ग्यास अभावले होटल बन्द गर्ने तयारी भयो, बेरोजगार हुने अवस्था आएपछि स्वदेश फर्किएँ ।'

सीमानाकामा भेटिएका विजय विकले एकातिर ग्यास अभावले पूरै समय होटल नचल्ने गरेको र अर्कातिर 'बिसु' पर्व पनि नजिकिँदा यस वर्ष छिटो घर फर्किनुपरेको बताए । विकका अनुसार सुदूरपश्चिम प्रदेशमा बिसु



पर्वलाई नयाँ वर्ष आरम्भका रूपमा मनाइन्छ । उहाँले खाना पकाउने ग्यासको अभावले होटलमा मजदुरी गर्ने नेपाली सबैभन्दा बढी प्रभावित भइरहेका बताए ।

भारतको पुनामा रहेका डोटीका महेश भट्टले ग्यास अभावले रोजगारीका लागि भारत गएका नेपालीहरू समस्यामा परेका बताए । पश्चिम एसिया क्षेत्रमा भइरहेको युद्धका कारण पेट्रोलियम पदार्थको आपूर्तिमा समस्या भएपछि भारतमा इन्धन र खाना पकाउने ग्यासको वितरणमा कडाइ गरिएको त्यहाँबाट फर्किएका नेपालीको भनाइ छ । भारतमा ठूलो संख्याका नेपाली विभिन्न क्षेत्रमा रोजगारी गर्दै आएका छन् । सुदूरपश्चिमेलीको रोजगारीका लागि पहिलो गन्तव्य भारत हो ।

यसैबीच, खाना पकाउने ग्यासको आपूर्ति व्यवस्थालाई लक्षित गरेर पछिल्ला दिनमा कैलालीका बजार क्षेत्रमा अनुगमन भइरहेको छ । जिल्लास्थित वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालयका प्रमुख लक्ष्मीप्रसाद जैशीले अनुगमनका क्रममा कैलालीसहित आसपासका जिल्लामा अहिलेसम्म खाना पकाउने ग्यास अभाव नरहेको बताए ।

टोलीले कैलालीको धनगढी, टीकापुर, लम्की, अत्तरिया र कञ्चनपुरको पुनर्वास, बेलौरीलगायत क्षेत्रमा बजार अनुगमन गरेको छ ।

# खानीडाँडा–याम्खा–रातमाटा हुँदै पञ्चमीबजार जोड्ने सडक कालोपत्र सुरु



**खोटाङ/मस–** खानीडाँडा-याम्खा-रातमाटा हुँदै दिप्रुङ चुइचुम्मा गाउँपालिकाको कार्यालय भएर पञ्चमी बजार जोड्ने सडकमा कालोपत्रको काम सुरु गरिएको छ। कोशी प्रदेश सरकार, भौतिक पूर्वाधार विकास मन्त्रालयको बहुवर्षीय योजनाअन्तर्गत विनियोजन भएको ३० करोड बजेटमा कालोपत्रको काम सुरु गरिएको हो ।

भौतिक पूर्वाधार विकास कार्यालयमार्फत ठेक्का आह्वान गरिएकामा युएसजी-रक्तकन्या-हिमशृंखला जेभी काठमाडौंले १७ करोड ३० लाख ८२ हजार बजेटमा सम्झौता गरेर कालोपत्रको काम सुरु गरेको जनाइएको छ । सम्झौताअनुसार बिहीबारदेखि ठिक दुई वर्षभित्र सडक कालोपत्र सम्पन्न गर्ने लक्ष्य राखिएको पूर्वाधार विकास कार्यालयका प्रमुख विनम दाहालले जानकारी दिए ।

ठेकेदार कम्पनीसँगको सम्झौताअनुसार आहालेदेखि याम्खासम्म ८.२ किलोमिटर सडक कालोपत्र गरिने जनाइएको छ । उक्त सडकले खानीडाँडा हुँदै खोटाङ जिल्लाको दक्षिणी भेगसँग सिधा सम्पर्क स्थापित गर्नेछ भने स्थानीय बासिन्दालाई आवतजावतमा सहजता ल्याउने अपेक्षा गरिएको छ ।

कोशी प्रदेश सरकारका निर्वतमान भौतिक पूर्वाधार विकास एवं स्वास्थ्यमन्त्री भुपेन्द्र राईले बिहीबार उक्त सडकको शिलान्यास गरेका छन् । उनले खोटाङमा विकास निर्माणका काममा ढिलासुस्ती र अलमल्याउने प्रवृत्ति स्वीकार्य नहुने बताए ।

पूर्वाधार विकास कार्यालय तथा निर्माण व्यवसायीलाई समयमै काम सम्पन्न गर्न निर्देशन दिँदै मन्त्री राईले नागरिकलाई समेत योजना कार्यान्वयनमा निगरानी गर्न आग्रह गरे । मन्त्री राईका अनुसार उक्त सडक खोटाङ जिल्लाको भित्री भू-भागमा प्रवेश गर्ने दोस्रो कालोपत्र कार्य सुरु भएको सडक हो ।

यसअघि रसुवा-पाँचधारे सडकमा कालोपत्र कार्य सुरु भइसकेको छ भने, खानीडाँडादेखि थामखर्क विमानस्थल जोड्ने अर्को सडकको बोलपत्र प्रक्रियासमेत अघि बढिरहेको छ । ठेकेदार कम्पनीका साइड इन्चार्ज गोविन्द लामिछानेका अनुसार सडक कटिङ, नाली निर्माण, रिटेनिङ पर्खाल, जाली, पाइप तथा कल्भर्ट, सडक ढलान र अस्फाल्ट कालोपत्र यस योजनाका मुख्य काम हो ।

प्राकृतिक प्रकोप नआएमा आगामी असारअघि नै कालोपत्र सुरु गर्ने योजना रहेको लामिछानेले बताउनुभयो ।

## कथा

# सम्बन्ध



■ समर शर्मा

> त्यो रात शान्त थियो । बाहिर चिसो हावा चलिरहेको थियो । तर, सधैं उठेर हिँड्ने दिलबहादुर त्यो बिहान उठेनन् । दिलबहादुर नउठेपछि रोशनले उनको हात समातेर धेरैबेर बसिरह्यो । गाउँलेहरू भेला भए । अन्त्येष्टि गर्ने तयारी भयो ।

धनकुटाका दिलबहादुर उमेरले साठी नाघिसकेका थिए । तर, उनको दिनचर्या अझै उस्तै थियो । बिहानै उठ्ने, गाइगोठ सोहोर्ने, गाई दुहुने, घाँस खुवाउने अनि दिनभर उनीहरूको स्याहार गर्ने । सँगै, खेतको काम पनि नियमित समय मिलाएर गर्नंपर्ने बाध्यता थियो ।

उनकी श्रीमती मायादेवी बितिसकेकी थिइन् । मायादेवी बितेसँगै उनको संसार झन् सानो भएको थियो- घर, गोठ, खेत र केही सम्झनाहरू मात्र ।

उनका दुई छोराहरू- जेठो सुदीप र कान्छो निरज, दुवै शहरमा बसेर काम गर्थे । सुरुमा त फोन गर्थे, पैसा पठाउँथे, चाडपर्वमा आउने गर्थे । तर बिस्तारै त्यो सबै कम हुँदै गयो । पछिल्ला केही समयदेखि त फोन गर्न पनि छोडिसकेका थिए ।

तैपनि दिलबहादुरको गुनासो गर्ने बानी थिएन । तर, उनी कहिलेकाहीँ आफैंसँग बर्बराउँथे- 'छोराहरू आफ्नै जीवनमा व्यस्त भए, ठीकै छ । यही त चाहेको थिएँ- उनीहरू सुखी होऊन् ।'

मनको गहिराइमा भने एउटा खालीपन थियो, जसलाई उनी आफैंले पनि स्वीकार्न चाहँदैनथे ।

एक दिन बिहान उनी गोठतिर जाँदै थिए । बाटोको छेउमा एउटा ८-१० वर्षको केटा बसेको देखे । फाटेको लुगा, धुलोले ढाकिएको अनुहार र आँखा भने निकै थाकेका थिए ।

'के भयो, बाबु ? यहाँ किन बसेको ?' दिलबहादुरले सोधे ।

केटाले डराउँदै भन्यो, 'म... म घरबाट भागेको हुँ ।'

'किन ?'

'बुबाले धेरै कुट्नुहुन्थ्यो... पढ्न पनि दिनुहुन्थ्यो जस्तो लाग्दैनथ्यो... काम मात्र लगाउनुहुन्थ्यो । आमा हुनुहुन्न ।'

दिलबहादुर केही बेर चुप लागे । उनी केटाको अनुहार हेरिरहेका थिए- त्यहाँ डर थियो, भोक थियो अनि एक किसिमको आशा पनि ।

'नाम के हो ?'

'रोशन ।'

'खाना खाएको छौ ?'

केटाले टाउको हल्लायो, 'छैन ।'

दिलबहादुरले उसलाई घर लिएर गए । भान्सामा भएको बाँकी भात तताए, दाल हालेर दिए । रोशनले त्यति स्वादले खायो कि हेर्दाहेर्दै दिलबहादुरको आँखा रसाए । त्यो दृश्यले उनलाई आफ्ना छोराहरू सानो हुँदा खुवाएको समय सम्झायो ।

रोशन त्यस दिन गएन । दिलबहादुरले भने, 'तिमी चाहन्छौ भने यहाँ बस्न सक्छौ । काम सँगै गरौंला, पढ्न पनि लगाइदिन्छु ।'

रोशनले विश्वास गर्न नसकेजस्तो गरी सोध्यो, 'साँचै ?'

'हो, तर एउटा कुरा- भाग्न पाइँदैन है ।'

रोशन मुस्कुरायो । धेरै दिनपछि सायद ऊ ढुक्क भएर मुस्कुराएको थियो ।

दिनहरू बित्दै गए । रोशन बिहानै उठ्थ्यो, दिलबहादुरसँगै गोठ जान्थ्यो, खेतमा सघाउँथ्यो । बेलुका दिलबहादुरले उसलाई पढ्न सिकाउँथे- अक्षर चिनाउने, लेख्न सिकाउने ।

रोशन छिट्टै सिक्न थाल्यो । ऊ चलाख थियो; बस् अवसर मात्र चाहिएको रहेछ ।

गाउँका मान्छेहरूले कुरा गर्न थाले, 'दिलबहादुरले त अर्काको छोरो पाल्न थालेछन् ।'

'आफ्नै छोराहरू त शहरमा छन्, किन यस्तो ?'



तर दिलबहादुरलाई त्यस्ता कुराले खासै फरक परेन ।

एक दिन बेलुका रोशनले सोध्यो, 'बा... म हजुरलाई बाबा भन्न सक्छु ?'

दिलबहादुर एकछिन स्तब्ध भए । त्यो शब्द उनले धेरै समयपछि सुनेका थिए ।

उनले मुस्कुराउँदै भने, 'मलाई त खुशी लाग्छ, बाबु ।'

त्यस दिनदेखि रोशनले उनलाई 'बाबा' भन्न थाल्यो ।

समय बित्दै गयो । रोशन अब गाउँकै विद्यालय जान थाल्यो । शिक्षकहरूले पनि उसको प्रगति देखेर प्रशंसा गर्न थाले ।

'यो केटा निकै राम्रो छ । ध्यान दिनुभयो भने धेरै अगाडि जान सक्छ,' एक शिक्षकले दिलबहादुरलाई भने ।

दिलबहादुरको मन गर्वले भरियो । तर जीवन सधैं सजिलो भएन ।

एक जाडोको बिहान दिलबहादुर अचानक बिरामी परे । सास फेर्न गाह्रो भयो, शरीर कमजोर भयो ।

रोशन डरायो । ऊ छिमेकीलाई बोलाउन दौडियो । गाउँलेहरू आए, उनलाई स्वास्थ्य चौकी लगे ।

डाक्टरले भने, 'उमेर भइसकेको छ... राम्रो हेरचाह चाहिन्छ ।'

रोशन अस्पतालमै बस्यो । रातभर ऊ पनि सुतेन, दिलबहादुरको हात समाएर बसिरहन्थ्यो ।

'बाबा, तपाईंलाई केही हुँदैन,' ऊ बारम्बार भन्थ्यो ।

दिलबहादुर कमजोर स्वरमा हाँस्दै भन्थे, 'मलाई भन्दा पनि तिमीलाई केही हुनु हुँदैन ।'

त्यही बेला शहरबाट फोन आयो- सुदीपको ।

'बाबा बिरामी हुनुहुन्छ रे ? कस्तो छ हालत ?'

रोशनले फोन उठाएर सबै कुरा सुनायो ।

सुदीप केही बेर चुप रह्यो अनि भन्यो, 'हामी आउन सक्दैनौं अहिले... काम छ । पैसा पठाइदिन्छु ।'

फोन काटियो ।

रोशनले केही बोल्न सकेन । उसले फोन तल राख्यो र चुपचाप दिलबहादुरतिर हेर्‍यो ।

दिलबहादुरले आँखा खोलेर भने, 'आउँदैनन् है ?'

रोशनले टाउको निहुरायो ।

'ठीकै छ... उनीहरूको जीवन छ,' दिलबहादुरले भने, तर आवाजमा पीडा लुकेको थियो ।

केही दिनपछि दिलबहादुरको अवस्था झन् बिग्रियो ।

एक रात उनले रोशनलाई बोलाए ।

'रोशन...'

'हजुर, बाबा ।'

'मसँग एउटा कुरा छ ।'

रोशनको मुटु डरले काँपिरहेको थियो ।

'मसँग धेरै सम्पत्ति छैन... यो घर, अलिकति जमिन मात्र हो । यदि म... गएँ भने... तिमी यहाँ बस्नु । पढ्नु । आफ्नो जीवन बनाउनु ।'

रोशनको आँखाबाट आँसु बग्न थाल्यो ।

'बाबा, यस्तो नबोल्नुस् ।'

'सुन्नू... सन्तान भनेको जन्माउने मात्र होइन रहेछ... मनले बनाउने पनि रहेछ ।'

त्यो सुनेपछि रोशन झनै रुन थाल्यो ।

त्यो रात शान्त थियो । बाहिर चिसो हावा चलिरहेको थियो । तर, सधैं उठेर हिँड्ने दिलबहादुर त्यो बिहान उठेनन् ।

दिलबहादुर नउठेपछि रोशनले उनको हात समातेर धेरैबेर बसिरह्यो । गाउँलेहरू भेला भए । अन्त्येष्टि गर्ने तयारी भयो ।

छोराहरू आएनन् । सबै काम रोशनले गर्‍यो- दाहसंस्कार, किरिया, सबै ।

गाउँलेहरू आश्चर्यमा परे । 'यो त साँचो छोरा रहेछ,' कसैले भन्यो ।

महिनौं बिते । रोशन अझै त्यही घरमा बस्छ । पढ्दैछ, काम गर्दैछ । बेलुका कहिलेकाहीँ आँगनमा बस्छ र टाढाको पहाड हेर्छ- जस्तै दिलबहादुर हेर्थे ।

ऊ सम्झन्छ- त्यो दिन, त्यो भात, त्यो माया ।

ऊ बिस्तारै भन्छ- 'बाबा, तपाईंले दिनुभएको उज्यालो म कहिल्यै निभ्न दिन्न ।'

## कविता

# मेरो माटोको छोरो



मिथिलेश 'आदित्य'

ऊ केटो कुनै राजमहलको छायामा जन्मिएको थिएन ।
उसको घरको छाना टप्किरहेका आशाहरूले बनेको थियो,
र भित्ताहरूमा अभावका गहिरा चिराहरू थिए ।

उसको बिहान रोटीको चिन्तासँग खुल्थ्यो,
र रात थाकेका सपनाहरू ओढेर सुत्थ्यो ।

ऊ शोषित वर्गको एक साधारण केटो थियो-
जससँग न धन थियो,
न वंश परम्परामा प्राप्त कुर्सीहरू ।
उससँग केवल दुई हात थिए,
र ती हातहरूमा इमानदारीका कठोर रेखाहरू कोरिएका थिए ।

समाजको भीडमा
ऊ त्यही बीउजस्तै थियो
जसलाई प्रायः माटोभित्र दबाइन्छ,
तर त्यही बीउ
एक दिन जंगल बनेर फर्किन्छ ।

उसले आफ्नो पसिनालाई
भाग्यको मसी बनायो,
र हरेक दिन
आफ्नो जीवनको किताबमा
नयाँ संघर्ष लेख्दै गयो ।

कठोर परिश्रम
उसको धड्कनको लय बन्यो,
र इमानदारी
उसको चरित्रको आकाश बन्यो ।

मानिसहरू हाँस्दथे-
भन्थे,
'तिमी जस्ता मानिसहरूले इतिहास लेख्दैनन्,
इतिहासको किनारामा
बिर्सिएका शब्दहरू भएर बस्छन् ।'

तर ऊ जान्दथ्यो-
कहिलेकाहीँ इतिहास
तिनै हातहरूले लेखिन्छ
जसमा छाला फुटेका घाउ हुन्छन् ।

ऊ बिस्तारै अगाडि बढ्दै गयो,
जस्तो अँध्यारोमा
एउटा दीपक
आफ्नो सानो ज्योतिले
रातलाई चुनौती दिन्छ ।

उसका पाइला
कठिनाइका चट्टानहरूसँग ठोक्किए,
तर उसका इरादाहरू
नदीजस्तै थिए-
बाटो नपाए
आफ्नो बाटो आफैँ बनाउँछन् ।

वर्षौंको मेहनत
बिस्तारै
उसको जीवनका भऱ्याङहरू बन्दै गए,
र ऊ
एक-एक पाइला चढ्दै गयो ।

आज त्यही केटो
देशको सर्वोच्च पदमा पुग्दै छ-
जस्तो शताब्दीयौंदेखि दबिएको सत्य
अचानक आकाशजस्तै फैलिएको हो ।

यो केवल
एउटा व्यक्तिको विजय होइन,
यो ती लाखौं मानिसहरूको जीत हो
जो अभावमा पनि
इमानदारी छोड्दैनन् ।

यो ती सपनाहरूको जीत हो
जो भोकसँग लड्दै पनि
मर्न अस्वीकार गर्छन् ।

आज देशको
सबैभन्दा अग्लो कुर्सीमा
केवल एक मानिस बस्ने छैन
बस्नेछ परिश्रमको गौरव,
इमानदारीको उज्यालो,
र त्यस माटोको सुगन्ध
जसले उसलाई जन्म दिएको हो ।

इतिहास बिस्तारै मुस्कुराउनेछ
र लेख्नेछ- कहिलेकाहीँ
सानो घरको केटो
पूरै देशको गरिमा बन्छ ।

र तब पृथ्वी
गर्वले भन्छ- हेर,
मेरो माटोको छोरो
आज मेरो आकाशमा बसेको छ ।

## पुस्तक समीक्षा

# अवालेको यात्रा : 'अक्षरमा सात दशक'



■ रत्न अनामणी श्रेष्ठ

> *'अक्षरमा सात दशक' पुस्तकमा लेखकको भाषाशैली सरल, आत्मीय र स्मृतिपरक छ । लेखकले आफ्नो जीवनका अनुभवलाई इमान्दारीपूर्वक प्रस्तुत गरेका छन्, जसले पाठकलाई कलाकारको संघर्ष र सफलताको अनुभूतिलाई महशुस गराउँछन् ।*

नेपाली कला क्षेत्रका वरिष्ठ कलाकार राजेश अवालेद्धारा लिखित आत्मवृत्तान्त 'अक्षरमा सात दशक' प्रकाशित भएको छ । यस पुस्तकमा कलाकार अवालेका जीवनका अनेक उतारचढाव, संघर्ष, साधना र सिर्जनात्मक यात्रालाई शब्दमा उतारिएको छ । सात दशकभन्दा बढी समय कलासाधनामा बिताएका कलाकार अवालेले आफ्ना अनुभव, स्मृति र जीवनदर्शनलाई यस पुस्तकमार्फत पढनीय शैलीमा प्रस्तुत गरेका छन् ।

पुस्तकका शीर्षकहरू क्रमबद्ध छन् । लेखकले आफ्नो जीवनयात्रालाई क्रमबद्ध ढंगले प्रस्तुत गरेका छन् । प्रारम्भिक अध्यायहरूमा लेखकको जन्मथलो, पारिवारिक पृष्ठभूमि र बाल्यकालको परिवेशबारे चर्चा गरिएको छ । 'जन्मथलो', 'थपाकुम्हाको पहिचान', 'धानको थुप्रोबीचको भोक' जस्ता शीर्षकहरूमा लेखकको बाल्यकालको सामाजिक र आर्थिक अवस्था उजागर गरिएको छ । पुस्तकका प्रारम्भिक अध्यायमा कलाकार अवालेको जीवनको आधारभूत परिवेश र संघर्षलाई स्पष्ट बनाइएको छ ।

त्यसपछि आउने अध्यायहरूमा परिवारको प्रभाव र संस्कारहरूबारे चर्चा गरिएको छ । 'हजुरबा र हजुरआमा', 'सानो छँदा बा र म', 'बाको विश्वास कर्ममा' जस्ता शीर्षकहरूले लेखकको व्यक्तित्व निर्माणमा परिवारले खेलेको भूमिकालाई देखाउँछन् ।

परम्परागत जीवनशैली, श्रमको मूल्य र कर्मप्रतिको विश्वासले लेखकको जीवन र सोचलाई कसरी आकार दियो भन्ने कुराको पनि चर्चा पुस्तकमा छ । पुस्तकको मध्यभागमा लेखकको जीवनमा आएको मोड, आरोह-अवरोह, कलायात्राको सुरुवातको बेलिबिस्तार पाइन्छ । 'माटोदेखि मैनसम्मको यात्रा', 'फिल्मी प्रभाव', 'एसएलसी छोडेर मूर्तिकलातिर', 'नाटकमा महिला पात्र'जस्ता शीर्षकहरूले अवालेको युवा अवस्थाको शुरुवात, संघर्ष र सिर्जनात्मक खोजलाई उजागर गर्दछन् । कलाकार बन्ने क्रममा भोग्नुपरेका चुनौती, सामाजिक सोच र व्यक्तिगत दृढतालाई पनि पुस्तकमा चित्रित गरिएको छ ।




पछिल्ला अध्यायहरूमा लेखकको परिपक्व जीवन, उत्तरदायित्व, कलासाधना र सामाजिक योगदानबारे चर्चा गरिएको छ । 'कलाकारको पहिचान', 'नेपाल आर्ट भिलेजको परिकल्पना', 'सामाजिक कर्म', 'संयोग-वियोगका लहरहरू' जस्ता शीर्षकहरूले लेखकको दीर्घकालीन अनुभव र जीवनदर्शनलाई प्रस्तुत गर्दछन् । यी अध्यायहरूमा लेखकले केवल आफ्नो व्यक्तिगत जीवन मात्र नभई कला, आफ्नो रुचि, समाज र संस्कृतिसँगको सम्बन्धलाई पनि उजागर गरेका छन् ।

यस पुस्तकमा लेखकको भाषाशैली सरल, आत्मीय र स्मृतिपरक छ । लेखकले आफ्नो जीवनका अनुभवलाई इमान्दारीपूर्वक प्रस्तुत गरेका छन्, जसले पाठकलाई कलाकारको संघर्ष र सफलताको अनुभूतिलाई महशुस गराउँछन् । विशेषगरी कला क्षेत्रमा लाग्न चाहने युवा पुस्ताका लागि यो पुस्तक प्रेरणाको स्रोत बन्न सक्छ ।

समग्रमा 'अक्षरमा सात दशक' केवल आत्मकथा मात्र नभई नेपाली कला, श्रम र साधनाको दस्तावेज बनेको छ । लेखकको जीवन संघर्ष, सिर्जनात्मकता र निरन्तर साधनाको कथा यस पुस्तकमा सशक्तरूपमा अभिव्यक्त भएका छन् । त्यसैले यो कृति नेपाली कला र संस्कृतिमा रुचि राख्ने पाठकका लागि महत्वपूर्ण र प्रेरणादायी पुस्तकका रूपमा स्थापित हुन सक्छ । यो पुस्तक कला र संस्कृति प्रेमीहरूका संग्रहनीय छ ।

यस पुस्तकका प्रकाशक कयो अवाले हुन् । आवरण फोटो नानी हेरा शाक्यको रहेको छ । नानी हेरा शाक्यले पुस्तकको भाषाशैलीमा उत्कृष्ट काम गरेको छ, जसले पुस्तक पढ्दा गहिरो अनुभूति दिन्छ ।

# डडेल्धुरा मेडिकल कलेजमा एमबिबिएस पढाइको तयारी अन्तिम चरणमा

**राम धामी/मध्यान्ह**
डडेल्धुरा, ६ चैत




सुदूरपश्चिम प्रदेशमै चिकित्सा शिक्षाको महत्वपूर्ण केन्द्र बन्ने लक्ष्यसहित डडेल्धुरा मेडिकल कलेजले आगामी शैक्षिक सत्रदेखि एमबिबिएस कार्यक्रम सञ्चालन गर्ने तयारी अन्तिम चरणमा पुऱ्याएको छ। आवश्यक भौतिक संरचना, जनशक्ति र प्रशासनिक प्रक्रियाहरूलाई तीव्रता दिइएको कलेज प्रशासनले जनाएको छ।

संघीय सरकार मातहत सञ्चालित सुदूरपश्चिम प्रदेशको एकमात्र अस्पताल डडेल्धुरा अस्पताललाई ३ सय शय्याको क्षमतामा स्तरोन्नति गर्ने प्रक्रिया पूरा भएलगत्तै एमबिबिएस कार्यक्रम सञ्चालनका लागि अनुमति प्राप्त हुने सुदूरपश्चिम विश्वविद्यालय अन्तर्गत स्वास्थ्य विज्ञान संकायले स्पष्ट पारेको छ। हाल १ सय शय्यामा सञ्चालन भइरहेको अस्पताललाई स्तरोन्नति गर्नु नै एमबिबिएस कार्यक्रमको प्रमुख आधारका रूपमा लिइएको छ।

हाल डडेल्धुरा मेडिकल कलेजमा ब्याचलर्स इन मेडिकल ल्याब टेक्नोलोजी (बिएमएलटी), बिएससी नर्सिङ र ब्याचलर्स इन पब्लिक हेल्थ (बिपिएच) कार्यक्रम सञ्चालनमा छन्। यी तीनै तहका कार्यक्रममार्फत ७६ जना विद्यार्थी अध्ययनरत छन्। बीएमएलटी कार्यक्रम तीन वर्षदेखि सञ्चालनमा छ भने नर्सिङ र पब्लिक हेल्थ कार्यक्रम गत शैक्षिक सत्रबाट सुरु गरिएको हो।

स्वास्थ्य विज्ञान संकायका डीन डा. हेमनाथ जोशीका अनुसार एमबिबिएस कार्यक्रम सञ्चालनका लागि अस्पतालको स्तरोन्नति अनिवार्य सर्त हो। "अस्पताल ३०० शय्याको भएपछि मात्र आवश्यक मापदण्ड पूरा हुन्छ र त्यसपछि अनुमति प्रक्रियाले गति लिन्छ," उनले बताए।

अस्पताल स्तरोन्नतिका लागि आवश्यक सम्पूर्ण कागजी प्रक्रिया पूरा गरी सम्बन्धित निकायमा पेश गरिसकिएको डडेल्धुरा अस्पताल विकास समितिले जनाएको छ। समितिका अध्यक्ष करुणाकर ओझाका अनुसार स्वास्थ्य सेवा विभागले माग गरेका थप कागजातसमेत पठाइसकिएको छ र प्रक्रिया अन्तिम चरणमा पुगेको छ। मन्त्रिपरिषद् स्तरबाट निर्णय हुन बाँकी रहे पनि अब गठन हुने नयाँ मन्त्रिपरिषद्ले यस विषयमा छिट्टै निर्णय गर्ने अपेक्षा गरिएको छ।

एमबिबिएस कार्यक्रम सञ्चालनका लागि आवश्यक भौतिक पूर्वाधार निर्माणका कामहरू पनि सँगसँगै अगाडि बढिरहेका छन्। अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा. सुधा देवकोटाका अनुसार करिब साढे चार अर्ब रुपैयाँको विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) तयार भइसकेको छ। सोही अनुसार भवन, उपकरण र जनशक्ति व्यवस्थापनको काम क्रमशः अगाडि बढाइएको छ।

कलेज सञ्चालनका लागि आवश्यक जग्गा व्यवस्थापनको काम पनि तीव्र गतिमा अघि बढेको छ। डडेल्धुरास्थित तुफानडाँडामा विश्वविद्यालयको नाममा ८४ रोपनी जग्गा उपलब्ध भइसकेको छ भने अस्पतालसँग २३४ रोपनी जग्गा रहेको छ। यसबाहेक थप १९१ रोपनी जग्गा उपलब्ध गराउने निर्णय अमरगढी नगरपालिकाबाट भइसकेको छ। सो जग्गाको स्वामित्व र उपयोगसम्बन्धी प्रक्रिया पनि अन्तिम चरणमा पुगेको छ।

प्रमुख जिल्ला अधिकारी विष्णुप्रसाद कोइरालाले आवश्यक कागजात संकलन र समन्वयका लागि केन्द्रमा रहेर काम भइरहेको जानकारी दिए। 'विभाग र मन्त्रालयबीच समन्वय गरी प्रक्रिया टुंग्याउने प्रयास भइरहेको छ, छिट्टै सकारात्मक नतिजा आउने विश्वास छ,' उनले भने। डीन जोशीका अनुसार विश्वविद्यालयको कार्यकारी परिषद्बाट निर्णय भएलगत्तै थप जग्गाको भोगाधिकारसमेत कलेजले प्राप्त गर्नेछ। यता छात्रावास र प्रशासनिक भवन निर्माणको काम पनि अघि बढिसकेको छ। चालु आर्थिक वर्षमा पाँच करोड रुपैयाँ विनियोजन भई पूर्वाधार विकासलाई तीव्रता दिइएको छ।

स्थानीय तह र सरोकारवालाहरूले डडेल्धुरालाई चिकित्सा शिक्षाका लागि उपयुक्त गन्तव्यका रूपमा विकास गर्न सकिने बताएका छन्। प्राकृतिक रूपमा शान्त र अध्ययनका लागि अनुकूल वातावरण भएकाले देशभरका विद्यार्थीलाई आकर्षित गर्ने विश्वास गरिएको छ। साथै सुदूरपश्चिमका पहाडी जिल्लाका विद्यार्थीका लागि विशेष कोटा छुट्याउने योजना पनि अघि सारिएको छ।

यसअघि २०७८ माघ १० गते बसेको मन्त्रिपरिषद् बैठकले डडेल्धुरा अस्पताललाई विश्वविद्यालयको आंगिक क्याम्पसका रूपमा सञ्चालन गर्ने निर्णय गरे पनि बजेट अभावका कारण एमबिबिएस कार्यक्रम सुरु हुन सकेको थिएन। पछिल्लो समय स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, शिक्षा मन्त्रालय र सुदूरपश्चिम विश्वविद्यालयबीच त्रिपक्षीय सम्झौता भएपछि भने योजना कार्यान्वयनमा गति आएको हो।

आवश्यक पूर्वाधार, जनशक्ति व्यवस्थापन र प्रशासनिक प्रक्रिया पूरा हुने चरणमा पुगेकाले आगामी शैक्षिक सत्रदेखि डडेल्धुरामै एमबिबिएस अध्ययन सुरु हुनेमा सरोकारवाला पक्ष आशावादी देखिएका छन्।

# अर्घाखाँचीमा राष्ट्रिय आर्थिक गणना सुरु

**सूर्यप्रसाद भुसाल/मध्यान्ह**
अर्घाखाँची, ६ चैत



अर्घाखाँचीमा राष्ट्रिय आर्थिक गणना २०८२ सम्बन्धी छलफल तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ। जिल्ला समन्वय समिति अर्घाखाँचीका प्रमुख जीवनारायण कोइरालाले सन्धिखर्क नगरपालिका सभाहलमा कार्यक्रमको उद्घाटन गरेका थिए।

कार्यक्रममा स्थानीय तह, सरकारी निकाय, निजी क्षेत्र सञ्चारकर्मी तथा विभिन्न सरोकारवाला, उद्योगी, व्यवसायीहरुको उल्लेखनीय सहभागिता रहेको थियो। कार्यक्रममा आर्थिक गणनाको महत्व, यसको कार्यान्वयन प्रक्रिया, तथ्यांक संकलनका विधिहरू र अपेक्षित उपलब्धिहरूबारे गहन छलफल गरिएको सहायक गणना अधिकृत दिलिप केसीले जानकारी दिए।

कार्यक्रममा सहभागी स्थानीय जनप्रतिनिधिले आर्थिक गणनालाई देशको समग्र विकासको आधारका रूपमा व्याख्या गर्दै यसको प्रभावकारी कार्यान्वयनमा जोड दिएका थिए।

जिल्ला समन्वय समिति अर्घाखाँचीका प्रमुख कोइरालाले आर्थिक गणनाले देशको आर्थिक अवस्थाका बारेमा नागरिकहरुले जानकारी पाउने भएकोले सबै नागरिक यसलाई सफल बनाउन लाग्नुपर्ने बताए।

राष्ट्रिय आर्थिक गणना २०८२ ले हाम्रो जिल्लाको वास्तविक आर्थिक अवस्था उजागर गर्ने कोइरालाको भनाइ छ।

यसबाट प्राप्त तथ्यांकका आधारमा दिगो र प्रभावकारी विकास योजना निर्माण गर्न सहज हुने कोइरालाको दाबी छ।

कार्यक्रममा सन्धिखर्क नगरपालिकाका प्रमुख कृष्ण प्रसाद श्रेष्ठले तथ्यांक संकलनमा यथार्थता अनिवार्य हुनुपर्नेमा जोड दिए। स्थानीय तहको नीति, योजना र बजेट निर्माण यथार्थपरक तथ्यांकमै आधारित हुन्छ। त्यसैले आर्थिक गणनामा वास्तविक अवस्था झल्किनुपर्ने श्रेष्ठको भनाइ छ।

कार्यक्रममा भुमिकास्थान नगरपालिका प्रमुख झबिलाल थापाले आर्थिक गणना गर्ने नेपाल सरकारको निर्यण स्वागतयोग्य रहेको बताए।

कार्यक्रमका अध्यक्ष प्रमुख जिल्ला अधिकारी तोयनारायण सुवेदीले आर्थिक गणाना सफल बनाउन सबै निकायबीच समन्वय आवश्यक रहेको बताए।

सुवेदीले भने 'यो केवल तथ्यांक संकलन मात्र होइन, जिल्लाको भविष्य निर्माण गर्ने अभियान हो,' त्यसैले सबै निकायको सहभागीता जरुरी छ।

कार्यक्रममा आर्थिक गणना कार्यालय अर्घाखाँचीका प्रमुख बाबुराम न्यौपानेले आर्थिक गणना सफल बनाउन सबै क्षेत्रको सक्रिय सहभागिता अपरिहार्य रहेको उल्लेख गरे।

सही तथ्यांक संकलन बिना विकासको सही मार्गचित्र तयार हुन सक्दैन। त्यसैले सबै सरोकारवाला निकायको सहकार्य आवश्यक भएको छ।

न्यौपानेले आर्थिक गतिविधिसम्बन्धी तथ्यांक भविष्यका योजना निर्माणको मेरुदण्ड हुने भन्दै यस अभियानलाई गम्भीरतापूर्वक लिन आग्रह गरे। कार्यक्रममा नेपाल पत्रकार महासंघ अर्घाखाँचीका अध्यक्ष गणेश खनालले गणनालाई सफल बनाउन सञ्चार क्षेत्रको भूमिका महत्वपूर्ण हुने बताए।

आर्थिक गणना सफल बनाउन जनस्तरमा स्पष्ट सूचना पुग्नुपर्छ सञ्चार माध्यमले जनविश्वास बढाउने काम गर्नका लागि कार्यालयले मिडिया परिचालन गर्नुपर्ने उनले बताए

कार्यक्रम सञ्चालन सहायक आर्थिक गणना अधिकारी दिलिप केसीले गरेका थिए। राष्ट्रिय आर्थिक गणना २०८२ ले अर्घाखाँची जिल्लाको वास्तविक आर्थिक अवस्थाको स्पष्ट खाका प्रस्तुत गर्ने अपेक्षा जिल्लावासीले गरेको कार्यक्रमका सहभागी व्यवसायीहरुको भनाइ छ। आर्थिक गणनाले उत्पादन, व्यापार, सेवा र रोजगारीका क्षेत्रहरूको यथार्थ विवरण उपलब्ध गराउँदै दीर्घकालीन विकास रणनीति निर्माणमा महत्वपूर्ण टेवा पुऱ्याउने विश्वास लिइएको उद्योग वाणिज्य सघका अध्यक्ष प्रदीप मिश्रको भनाइ छ।

यस अभियानले स्थानीय स्तरमा आर्थिक गतिविधिहरूको पहिचान गर्दै स्रोत-साधनको सही उपयोग, रोजगारी सिर्जना र समावेशी विकासमा सहयोग पुऱ्याउने अपेक्षा आफुहरुले लिएको निर्माण व्यवसायी संघका अध्यक्ष बसन्त भुसालले प्रतिक्रिया दिए।

साथै, नागरिक सहभागिता र पारदर्शिता अभिवृद्धि गर्दै सामाजिक अग्रसरता बढाउने महत्वपूर्ण अवसरको रूपमा पनि आर्थिक गणनालाई हेरिएको एक जनप्रतिनिधिले बताए।

# दुई दशकको प्रतीक्षा अन्त्य : झिमरुक–लुङ तटीय बस्ती अब सडक सञ्जालमा

**मधुसुदन भण्डारी/मध्यान्ह**
प्यूठान, ६ चैत



प्यूठानका झिमरुक र लुङ नदीले छुट्याएका तटीय बस्ती अब स्थायी रूपमा मुख्य सडक सञ्जालसँग जोडिने चरणमा पुगेका छन्। किटघाट (कुटिचौर), दोभै र मच्छी-पिडाल्नेमा निर्माणाधीन तीनवटा पक्की पुलको काम तीव्र गतिमा अघि बढेसँगै वर्षौंदेखि भोग्दै आएको आवागमन समस्या समाधानतर्फ उन्मुख भएको हो।

वाग्दुला-मच्छी र वाग्दुला-बाहाने सडकको विपरीत किनारमा रहेका स्थानीयहरू सडक पुगे पनि नदीमा पुल अभावका कारण सवारी साधन प्रयोग गर्नबाट वञ्चित थिए। अहिले पुल निर्माण अन्तिम चरणमा पुगेपछि ती क्षेत्रका बासिन्दा प्रत्यक्ष रूपमा सडक सञ्जालसँग जोडिने भएका छन्।

किटघाट (कुटिचौर) पुलको निर्माण २०८१ असार ७ गते ४ करोड ७८ लाख रुपैयाँमा ठेक्का सम्झौता भई सुरु गरिएको थियो। निर्माण कम्पनी आशु निर्माण सेवा (बालाजु श्रेष्ठ)ले निर्धारित समयअघि नै पुल सम्पन्न गरेको जनाएको छ। कम्पनीका अनुसार मच्छी-पिडाल्ने पुल पनि असारभित्रै सक्ने लक्ष्यसहित काम भइरहेको छ, जसको लागत ७ करोड २६ लाख रुपैयाँ रहेको छ।

यी पुलहरूले विशेषगरी तुषारा बेँसी क्षेत्रका बासिन्दालाई प्रत्यक्ष लाभ पुऱ्याउनेछन्। यसअघि नदीपारि सवारी सञ्चालन भइरहे पनि त्यहाँ पुग्न झोलुङ्गे पुलको भर पर्नुपर्ने बाध्यता थियो।

लुम्बिनी प्रदेश सरकारको आर्थिक वर्ष २०७९/८० को बजेटमार्फत किटघाट, पिडाल्ने र दोभै पुल निर्माणका लागि करिब ३१ करोड रुपैयाँ विनियोजन गरिएको थियो। उक्त योजना प्रदेश सांसद निमा गिरीको पहलमा अघि बढाइएको बताइएको छ। बजेटअनुसार किटघाट पुलका लागि करिब ७ करोड तथा पिडाल्ने र दोभै पुलका लागि करिब ११/११ करोड रुपैयाँ छुट्याइएको थियो।

हाल किटघाट पुल पूर्ण रूपमा सम्पन्न भइसकेको छ भने पिडाल्ने पुलको करिब ८५ प्रतिशत र दोभै पुलको झण्डै ५० प्रतिशत काम सम्पन्न भएको निर्माण पक्षले जनाएको छ। दोभै पुल तयार भएपछि वाग्दुला-बाहाने सडकपारिका दोभैदेखि पिपलटारीसम्मका बासिन्दाले सहज लाभ लिनेछन् भने बाहाने-मच्छी सडकसमेत सिधै जोडिनेछ।

दुई दशकअघि नै प्रस्ताव गरिएका यी पुलहरू बजेट अभावका कारण कार्यान्वयनमा आउन सकेका थिएनन्। अब निर्माण अघि बढेसँगै बाहानेबाट मच्छी र तुषारा पुग्न वाग्दुला हुँदै घुम्नुपर्ने करिब ११ किलोमिटर दूरी छोटिनेछ। वर्षायाममा समेत सहज आवागमन हुने अपेक्षाले स्थानीयमा उत्साह थपिएको छ।

पूर्व राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा. गोविन्दराज पोखरेलका अनुसार पुल निर्माणको अवधारणा पहिल्यै तयार भए पनि स्रोत अभावले कार्यान्वयनमा ढिलाइ भएको थियो। प्रदेश सरकारले बजेट सुनिश्चित गरेपछि मात्र योजना अघि बढेको उनले बताए।

यसैबीच, वाग्दुला-मच्छी सडकका लागि ३५ करोड र वाग्दुला-अधेरी सडक कालोपत्रे गर्न १२ करोड रुपैयाँ विनियोजन भई काम भइरहेको छ। प्रदेशका सहरी विकास तथा खानेपानी मन्त्री सरोज थापाले निर्धारित समयभित्रै सडक निर्माण सम्पन्न गर्ने लक्ष्य राखिएको बताएका छन्। उनले पुल र सडक निर्माणको प्रगति अनुगमन गर्दै सम्बन्धित सबै पक्षलाई धन्यवादसमेत दिएका छन्।

स्थानीयका लागि यी तीन पुल केवल पूर्वाधार मात्र नभई कृषि उत्पादनको बजार पहुँच, शैक्षिक तथा स्वास्थ्य सेवामा सहजता, व्यापारिक गतिविधि विस्तार र आपतकालीन सेवासम्मको पहुँच बढाउने महत्वपूर्ण आधार बन्ने अपेक्षा गरिएको छ।

# बम विस्फोटको घटनामा लेखापढी व्यवसायी पक्राउ



**सिरहा/मस–** सिरहा जिल्ला अदालत अगाडि रहेको बार एसोसिएसनको कार्यालयमा भएको कुकर बम विस्फोट घटनाको अनुसन्धानका क्रममा प्रहरीले एक जनालाई पक्राउ गरेको छ।

पक्राउ पर्नेमा सुखिपुर नगरपालिका-३ का गुमस्ता यादव रहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ। जिल्ला अदालत सिरहा अगाडि नै उनले कार्यालय खोलेर लेखापढी व्यवसाय गर्दै आएका थिए। उनलाई शंकाका आधारमा नियन्त्रणमा लिएर अनुसन्धान अघि बढाइएको प्रहरीले जनाएको छ।

जिल्ला प्रहरी कार्यालयका प्रवक्ता तथा प्रहरी नायब उपरीक्षक रमेशबहादुर पालले घटनाबारे विस्तृत अनुसन्धान भइरहेको जानकारी दिए। ' हामीले शंकाका आधारमा एक जनालाई पक्राउ गरी चार दिनदेखि अनुसन्धान गरिरहेका छौं,' उनले भने, 'अनुसन्धान निष्कर्षमा पुगेपछि मात्र थप विवरण सार्वजनिक गरिनेछ।' गएको फागुन २७ गते बार एसोसिएसनको कार्यालयमा कुकर बम विस्फोट भएको थियो। उक्त विस्फोटमा परी सिरहा नगरपालिका-१ का कर्मचारी सौरभ यादव घाइते भएका थिए। उनको खुट्टामा चोट लागेको थियो। विस्फोटबाट कार्यालयका कम्प्युटरलगायतका सामग्रीको समेत क्षति पुगेको थियो।

# ठगीमा संलग्न रहेको अभियोगमा ७ जना पक्राउ




**काठमाडौं/मस–** ठगीमा संलग्न रहेको अभियोगमा ७ जनालाई मंगलबार प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेहरूमा भक्तपुर मध्यपुर थिमी नगरपालिका-२ गट्ठाघर बस्ने सप्तरी कञ्चनरूप नगरपालिका-१२ घर भएका २६ वर्षीय बिबेक रेग्मी, ललितपुर महालक्ष्मी नगरपालिका-२ बालकुमारी बस्ने भारत तेलंगाना हैदरावाद बोरण्डा थाना घर भएका ३९ वर्षीय हुसेन सैयद, ४४ वर्षीय साजिद ओमर सैयद, भारत तेलंगाना हैदरावाद चारमिनार थाना घर भएका ३४ वर्षीय महम्मद ईमरान, ३३ वर्षीय मिर खालिद हुसेन, ४० वर्षीय रजाक महम्मद र भारत तेलंगाना हैदरावाद कुकडपल्ली थाना घर भएका ४२ वर्षीय समादा गिरी रहेका छन्। काठमाडौं महानगरपालिका-१० थापागाउँ लाखेचौर मार्गस्थित सिर्तेल होलिडेज प्रा.लि. नामको ट्राभल एजेन्सीबाट सर्वसाधारण व्यक्तिहरुलाई युरोप, एसिया, अफ्रिका लगायत १ सय ७५ देशहरूमा भ्रमणमा जानको लागि विभिन्न नम्बरबाट फोन गरी ट्राभल लोटरी परेको छ भनि झुक्यानमा पारी अत्यन्त सस्तो दरमा भ्रमण गराउने भनि विश्वास दिलाई पीडितहरूबाट रकम लिई भ्रमण नगराई रकम समेत फिर्ता नगरी ठगी गरेको भन्ने सूचनाको आधारमा काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय टेकुबाट खटिएको प्रहरीले उक्त कार्यमा संलग्न उनीहरूलाई सोही कार्यालयबाट पक्राउ गरेको हो। प्रारम्भिक अनुसन्धानको क्रममा उनीहरूले हालसम्म ३ सय २८ जना पीडितहरूबाट २ करोड ७२ लाख ६५ हजार ५ सय ७४ रूपैयाँ ठगी गरेको खुल्न आएको छ।

साथै प्रहरीले उनीहरूको साथबाट नेपाली नगद ७ लाख रूपैयाँ, कम्प्युटर १ थान, ल्यापटप १ थान, ट्याब १ थान, विभिन्न छाप ५ थान, रिसिप्ट प्याड ३ थान, विभिन्न व्यक्तिहरूको नाम, वतन, मोबाइल नम्बर समेतकोको विवरण उल्लेखित कुपनको अर्धकट्टी ५ हजार ७५ थान लगायतका सरसामान बरामद गरेको छ। उनीहरूलाई आवश्यक अनुसन्धान तथा कारवाहीको लागि जिल्ला प्रहरी परिसर काठमाडौं पठाइएको छ।


## कर्मचारी हटाइएको सूचना

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न इजाजत प्राप्त यस **High Quality Overseas Pvt.Ltd.** इजाजत पत्र न. **१२६९/०७४/०७५** मा कार्यरत कर्मचारी यस कार्यालयमा नरहेको सम्बन्धित सबैमा जानकारी गराइन्छ। साथै निज व्यक्तिसँग यस प्रा.लि.को नाममा वैदेशिक रोजगार सम्बन्धी कुनै पनि आर्थिक कारोबार नगर्न/नगराउनु हुन यसै सार्वजनिक सूचनाद्वारा सम्बन्धित सबैमा जानकारी गराइन्छ। साथै यदि यसो गरे गराएमा यस प्रा.लि. जिम्मेवार हुने छैन। साथै कुनै दाबी बिरोध भएमा ७ (सात) दिन भित्र यस प्रा.लि. मा वा वैदेशिक रोजगार विभाग कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ।

| सि.नं. | नाम | पद | नागरिकता नं. |
|---|---|---|---|
| १ | Nirajan Adhikari | PRO | 44-01-76-03015 |

License No.: 1269/074/75
**High Quality Overseas Pvt.Ltd.**
Samakhushi, Town Planning, Kathmandu, Tel.: 01-4984853 | 4957168 | 981-5127328 | 985-1206728,
Email: hiqualitynepal@gmail.com

मध्यान्ह
www.madhyanhadaily.com
गो.हु.का.द.नं. ३३/०६९/०७०
७ चैत २०८२ शनिबार
21 March 2026 Saturday

# बिटिएसको पुनरागमन कन्सर्टले उत्सवमय सियोल



**काठमाडौं/एजेन्सी–** लामो प्रतीक्षाको अन्त्य गर्दै विश्वकै सर्वाधिक लोकप्रिय सांगीतिक समूह बिटिएसले आफ्नो १० औं एल्बम 'अरिरङ'मार्फत भव्य पुनरागमन गरेको छ। झण्डै चार वर्षको अन्तरालपछि समूहका सबै सात सदस्यहरू- आरएम, जिन, सुगा, जे-होप, जिमिन, भी र जङ्गकुक एकसाथ मञ्चमा देखिँदै छन् । यस ऐतिहासिक पुनरागमनलाई लिएर दक्षिण कोरियाको राजधानी सियोल अहिले उत्सवमय बनेको छ ।

शनिबार सियोलको ऐतिहासिक ग्वान्वामुन स्क्वायरमा आयोजना हुने निःशुल्क कन्सर्टका लागि करिब २ लाख ६० हजार प्रशंसकहरू ओर्लिने अपेक्षा गरिएको छ । सहरका प्रमुख स्थलहरूलाई बिटिएसको पहिचान मानिने बैजनी रङले सजाइएको छ ।

सुरक्षा व्यवस्था कडा पारिएको छ। ७ हजारभन्दा बढी प्रहरी अधिकारीहरू, स्वाट टोली र एन्टि-ड्रोन प्रणालीहरू तैनाथ गरिएका छन्। भिड नियन्त्रणका लागि नजिकैका तीनवटा सबवे स्टेशनहरू बन्द गरिएका छन् र मेटल डिटेक्टरसहितका ३१ वटा प्रवेश बिन्दुहरू बनाइएका छन् । यो कन्सर्ट नेटफ्लिक्समार्फत विश्वका १९० भन्दा बढी देशहरूमा प्रत्यक्ष प्रसारण गरिनेछ ।

बिटिएसको नयाँ एल्बम 'अरिरङ'ले उनीहरूको सुरुआती दिनको विद्रोही र ऱ्याप-प्रधान ऊर्जालाई पुनर्जीवित गरेको छ। एल्बमको नाम कोरियाको प्रसिद्ध लोकगीत 'अरिरङ'बाट राखिएको हो, जसले कठिनाइबाट सुखतर्फको यात्रालाई संकेत गर्छ । एल्बमका 'एफवाइए' र 'हुलिगन' जस्ता गीतहरूमा डार्क र प्रयोगधर्मी संगीत सुन्न सकिन्छ भने मुख्य गीत 'स्विम'ले जीवनका उतारचढावका बीच अघि बढ्ने सन्देश दिन्छ । केही समीक्षकहरूले यसलाई बिटिएसको 'स्वर्णकाल'को पुनरावृत्ति मानेका छन् । यस एल्बमलाई स्पोटिफाईमा ५० लाखभन्दा बढी पटक 'प्रि-सेभ' गरिएको छ, जुन कुनै पनि के-पप समूहका लागि कीर्तिमान हो ।

बिटिएसको पुनरागमनसँगै उनीहरूको व्यवस्थापन कम्पनी हाइभको सेयर मूल्यमा ठुलो उछाल आएको छ । सैन्य सेवाका कारण ब्यान्ड विश्राममा रहँदा कम्पनीको सञ्चालन नाफा करिब ३७.५ प्रतिशतले घटेको थियो ।

आगामी महिनादेखि सुरु हुने ८२ दिने विश्व भ्रमणबाट बिटिएसले १ अर्ब डलरभन्दा बढी आम्दानी गर्ने प्रक्षेपण गरिएको छ । मेक्सिकोकी राष्ट्रपति क्लाउडिया सेनबामले समेत आफ्नो देशमा थप कार्यक्रम गरिदिन दक्षिण कोरियाली सरकारलाई पत्र लेखेकी छिन्, जसले बिटिएसको विश्वव्यापी क्रेजलाई पुष्टि गर्छ ।

बिटिएसका प्रशंसकहरू, जसलाई 'आर्मी' भनिन्छ, संसारभरबाट सियोल ओइरिएका छन् । रुसबाट कोरियाली भाषा र संस्कृति पढ्न सियोल आएकी २३ वर्षीया अमि ओस्ट्रोभ्स्काया भन्छिन्, 'बिटिएस नै मेरो यहाँ हुनुको कारण हो ।'

यद्यपि, यति ठुलो कार्यक्रमले केही स्थानीय समस्या पनि निम्त्याएको छ । कन्सर्टस्थल नजिकै विवाह गर्न लागेकी वकिल सोन योन-जु सुरक्षा प्रतिबन्ध र सडक बन्दका कारण आफ्ना पाहुनाहरू कसरी आइपुग्ने हुन् भन्ने चिन्तामा छिन् । कतिपयले सार्वजनिक स्थललाई एउटा निजी समूहको कार्यक्रमका लागि यसरी ठप्प पारिनु उपयुक्त नभएको टिप्पणी पनि गरेका छन्। के-पप उद्योग अहिले विभिन्न काण्ड र एल्बम बिक्रीमा आएको मन्दीसँग जुधिरहेका बेला बिटिएसको यो पुनरागमनलाई यस विधाको अन्तर्राष्ट्रिय भविष्य निर्धारण गर्ने 'लिटमस टेस्ट'का रूपमा हेरिएको छ ।




# 'धुरन्धर २'को कीर्तिमानी ओपनिङ



**काठमाडौं/मस–** बलिउड अभिनेता रणवीर सिंह अभिनीत फिल्म 'धुरन्धर २' (धुरन्धरः द रिभेन्ज)ले प्रदर्शनको पहिलो दिनमै बक्स अफिसमा ऐतिहासिक उपलब्धि हासिल गर्दै नयाँ कीर्तिमान कायम गरेको छ । रिलिजकै दिन १ सय करोड भारुभन्दा बढी नेट कमाइ गर्दै यो फिल्म बलिउड इतिहासकै सबैभन्दा ठुलो ओपनिङ गर्ने चलचित्र बनेको भारतीय सञ्चारमाध्यमहरूले जनाएका छन् ।

फिल्मले औपचारिक रिलिजअघि नै दर्शकमाझ उच्च उत्साह सिर्जना गरिसकेको थियो। बुधबार साँझ विश्वभरका सीमित हलहरूमा गरिएको पेड प्रिभ्यूबाट मात्रै भारतमा करिब ४३ करोड भारू नेट कमाइ भएको बताइएको छ । त्यसको भोलिपल्ट बिहीबार औपचारिक रिलिजसँगै फिल्मले भारतमा १०२ करोड भारू नेट कमाइ गर्दै कुल कमाइ १४५ करोड भारू पुऱ्याएको ट्रेड पोर्टल स्याक्निल्कले जनाएको छ ।

यससँगै 'धुरन्धर २' ले यसअघि उच्च ओपनिङ गर्ने फिल्महरू 'जवान', 'पठान', 'एनिमल' र 'स्त्री २'लाई पछि पार्दै शीर्ष स्थान कब्जा गरेको हो । यद्यपि, सबै भारतीय फिल्ममध्ये पहिलो दिनको कमाइका आधारमा यो दोस्रो स्थानमा रहेको छ । 'पुष्पा २'को १६४ करोड भारु ओपनिङ अझै शीर्षमा रहँदा 'बाहुबली २' (१२१ करोड) र 'आरआरआर (१३३ करोड)'लाई भने 'धुरन्धर २'ले पछि पारेको छ।

फिल्मको असाधारण व्यापारिक सफलताको मुख्य कारणका रूपमा रिलिजअघि देखिएको हाइप, उच्च एड्भान्स बुकिङ, व्यापक स्क्रिन संख्या र सकारात्मक वर्ड-अफ-माउथलाई लिइएको छ । निर्देशक आदित्य धर ले निर्देशन गरेको यस जासूसी थ्रिलरमा रणवीर सिंहसँगै आर माधवन, अर्जुन रामपाल, संजय दत्त, सारा अर्जुन लगायत कलाकारको अभिनय रहेको छ।

फिल्मको रनटाइम ३ घण्टा ४९ मिनेट रहेको छ, जसले यसलाई २१औं शताब्दीको सबैभन्दा लामो बलिउड फिल्महरूमध्ये एक बनाएको छ। यसअघि एलओसी कारगिल (४ घण्टा १५ मिनेट) सबैभन्दा लामो हिन्दी फिल्मका रूपमा चिनिन्थ्यो। अन्तर्राष्ट्रिय संस्करण भने करिब ३ घण्टा ५५ मिनेट लामो रहेको बताइएको छ ।

व्यापारिक विश्लेषकहरूका अनुसार फिल्मको प्रदर्शन यही गतिमा जारी रहे पहिलो सातामै भारतमा ५ सय करोडभन्दा बढी र विश्वव्यापी रूपमा करिब ८ सय करोड भारूसम्मको व्यापार गर्न सक्ने सम्भावना छ। पहिलो 'धुरन्धर' फिल्मले नै विश्वभर १३०० करोडभन्दा बढी कमाइ गरेको पृष्ठभूमिमा यसको सिक्वेलले झनै ठूलो उपलब्धि हासिल गर्ने संकेत देखिएको छ।

नेपालमा पनि 'धुरन्धर २'ले आक्रामक ओपनिङ गरेको छ । प्रदर्शनको पहिलो दिन बिहीबार देशभर करिब १ करोड ५ लाख रुपैयाँ ग्रस कलेक्सन गरेको छ भने हल अकुपेन्सी ७० देखि ८० प्रतिशतसम्म पुगेको थियो । शनिबार १ करोड ३० लाखदेखि २ करोड रुपैयाँसम्म कमाइ हुने प्रक्षेपण गरिएको छ । तीन दिनभित्रै फिल्मको कुल कमाइ ३.५ देखि ४ करोड रुपैयाँ पुग्ने अनुमान गरिएको छ।

दर्शकको अत्यधिक चापका कारण प्रदर्शनकै पहिलो दिन प्रमुख मल्टिप्लेक्स चेन क्युएफएक्स सिनेमाजको अनलाइन टिकटिङ प्रणाली केही समयका लागि अवरुद्ध समेत भएको थियो । अन्य टिकटिङ प्लेटफर्महरूमा पनि सर्भर स्लो देखिएपछि कतिपय हलहरूले म्यानुअल टिकट बिक्री गर्नुपरेको अवस्था देखिएको थियो ।

यसअघि 'धुरन्धर'को पहिलो भागले नेपालमा मात्र करिब १० करोड रुपैयाँ कमाएको थियो । सकारात्मक प्रतिक्रिया, उच्च दर्शक उपस्थिति र बलियो व्यापारिक रफ्तारका आधारमा 'धुरन्धर २'ले पनि आगामी साता निरन्तर राम्रो कमाइ गर्ने अपेक्षा गरिएको छ ।

# 'बिजोग रमाइलो' घोषणा




**काठमाडौं/मस–** लोकप्रिय हास्य टेलिशृंखला 'सक्किगो नि' बन्द भएको एक वर्षभन्दा बढी समय बितिसक्दा पनि यसको पुनः प्रसारणबारे अन्योल कायमै छ। निर्माण पक्षले अहिलेसम्म आधिकारिक रूपमा नयाँ सिजन आउने वा नआउनेबारे कुनै स्पष्ट जानकारी दिएको छैन। तर यहीबीच उक्त सिरियलका कलाकारहरू नयाँ परियोजनासहित दर्शकमाझ फर्किने तयारीमा देखिएका छन् ।

'सक्किगो नि'का चर्चित कलाकारहरूको समूहमै आधारित नयाँ हास्य श्रृंखला 'विजोग रमाइलो' निर्माण हुने भएको हो । शुक्रबार सार्वजनिक गरिएको पोस्टरमार्फत नयाँ श्रृंखलाको घोषणा गरिएको हो, जसमा पुरानै टोलीका अधिकांश कलाकारहरूको उपस्थिति देखिन्छ। यद्यपि, दर्शकमाझ लोकप्रिय रहेका कुमार कट्टेल 'जिग्री' र अर्जुन घिमिरे 'पाँडे' भने पोस्टरमा समावेश छैनन्। नयाँ श्रृंखलाको शीर्षक 'विजोग रमाइलो' 'सक्किगो नि' मा बबिन राईले निर्वाह गरेको 'गल्फने बाजे' पात्रको चर्चित थेगोबाट प्रेरित देखिन्छ। यस श्रृंखलालाई हरिश निरौला 'कक्रोज' ले लेखन तथा निर्देशन गर्नेछन् ।

निर्देशक निरौलाले सञ्चारमाध्यमसँगको कुराकानीमा 'सक्किगो नि' बन्द भएपछि कलाकारहरू लामो समय निष्क्रिय बस्नुपरेको उल्लेख गर्दै अब सामूहिक रूपमा नयाँ काम सुरु गर्ने सहमति भएपछि 'विजोग रमाइलो' को तयारी अघि बढाइएको बताए। उनले छिट्टै श्रृंखलाबारे थप विस्तृत जानकारी सार्वजनिक गरिने पनि जानकारी दिए ।

कमेडी जनरामा निर्माण हुने यस श्रृंखलामा समसामयिक सामाजिक विषयवस्तु समेटिने जनाइएको छ। कलाकारको रूपमा हरिश निरौला, सागर लम्साल 'बले', कमलमणी नेपाल 'खुपीका बाउ', दीपक आचार्य 'काकु', बबिन राई, सुबोध गौतम, गोविन्द कोइराला, सुरक्षा इटानी, भावना आचार्य, सुस्मिता कुँवर, पुरुषोत्तम आचार्य, अशोक धिताल, गजित विष्ट, रामभजन कामतलगायत देखिनेछन् ।

श्रृंखलाको छायांकन काभ्रेको पनौती आसपास क्षेत्रमा आगामी सोमबारदेखि सुरु गर्ने तयारी गरिएको छ। प्रारम्भिक चरणमा दुई एपिसोड खिच्ने योजना रहेको निर्माण पक्षले जनाएको छ ।

सार्वजनिक पोस्टरले कलाकारहरू 'सक्किगो नि' मा देखिएका पात्रकै निरन्तरतामा देखिन सक्ने संकेत गरे पनि यसबारे आधिकारिक पुष्टि भने गरिएको छैन । त्यसैगरी, श्रृंखला टेलिभिजन वा डिजिटल कुन प्लेटफर्मबाट प्रसारण हुनेछ भन्ने विषय पनि टुंगो लागिसकेको छैन । निर्माण पक्षका अनुसार प्रसारण माध्यम तय भएपछि मात्रै रिलिज मिति घोषणा गरिनेछ ।

# नवीन र गीताले ल्याए 'घुम्न जाउँ मायालु'



**काठमाडौं/मस–** गायक नवीन पौडेल र गायिका गीता भट्टराईको स्वरमा सजिएको नयाँ लोकदोहोरी गीत घुम्न जाउँ मायालु सार्वजनिक गरिएको छ। मौलिक झ्याउरे लयमा आधारित उक्त गीत भट्टराईकै आधिकारिक युट्युब च्यानलमार्फत दर्शक-स्रोतामाझ ल्याइएको हो ।

राजधानीमा आयोजित कार्यक्रममा वरिष्ठ लोकगायक खड्ग गर्बुजा र कृष्ण कँडेल ले संयुक्त रूपमा गीतको भिडियो सार्वजनिक गरेका थिए । गीतमा शब्द स्वयं गीता भट्टराईले लेखेकी हुन् भने संगीत संयोजन सरोज विरही कार्की ले गरेका छन् ।

पश्चिम नेपालमा प्रचलित झ्याउरे भाकालाई आधुनिक प्रस्तुतीकरणसहित गीतमा समेटिएको छ । प्रेम र रोमान्ससँगै ग्रामीण जीवनशैलीको झल्को दिने गीतले मौलिक संस्कृतिलाई पुनः उजागर गर्ने प्रयास गरेको देखिन्छ ।

कार्यक्रममा गायक पौडेलले नेपाली लोकसंगीतको मौलिकता जोगाउनु आफूहरूको प्राथमिकता रहेको बताए । उनले झ्याउरे भाकाको प्रयोगले हराउँदै गएको सांगीतिक परम्परालाई पुनर्जीवित गर्ने विश्वास व्यक्त गरे । त्यस्तै, गायिका भट्टराईले आफ्नो सिर्जनाले लोकसंगीतप्रेमीको मन जित्ने अपेक्षा व्यक्त गरिन् ।

# 'झम्के फुली'मा कुशलदेखि जाह्नवीसम्मको छमछमी

**काठमाडौं/मस–** चैत १३ गतेदेखि प्रदर्शनमा आउने तयारीमा रहेको फिल्म 'हामी तीन भाइ'ले प्रदर्शन मिति नजिकिँदै जाँदा आफ्नो प्रचार अभियानलाई थप आक्रामक बनाएको छ । निर्माण टिमले पछिल्ला दिनमा पोस्टर, टिजर, ट्रेलर र गीतहरू क्रमशः सार्वजनिक गर्दै दर्शकमाझ फिल्मको उपस्थिति मजबुत बनाउने प्रयास गरिरहेको छ। यही अभियानअन्तर्गत शुक्रबार फिल्मको नयाँ गीत 'झम्के फुली नाकको फुली, कानमा झुम्का लाऊ है ठुली' सार्वजनिक गरिएको छ, जसले छोटो समयमै दर्शकको ध्यान तानेको छ ।

लोकलयको स्वाद बोकेको उक्त गीतमा गायक साप शक्ति र गायिका अस्मिता अधिकारीको स्वर सुन्न सकिन्छ । गीतको संगीत स्वयं गायक शक्तिले तयार पारेका हुन् भने शब्द रचना सुवलमणि सापकोटाले गरेका छन्। संगीत संयोजन महाराज थापाले गरेका छन्। ग्रामीण परिवेश, मौलिक भेषभूषा र स्थानीय संस्कृतिको झल्को दिने गीत तथा यसको भिडियोले नेपाली समाजको जीवनशैलीलाई जीवन्त ढंगले प्रस्तुत गरेको देखिन्छ ।

गीतको भिडियोमा फिल्मका प्रमुख कलाकारहरू फलित राई, जाह्नवी बस्नेत, कुशल विष्ट र आश्मा गिरीको आकर्षक नृत्य देख्न सकिन्छ। उनीहरूको प्रस्तुतिले गीतलाई थप जीवन्त बनाएको छ भने दर्शकलाई मनोरञ्जन दिन सफल हुने अपेक्षा गरिएको छ।

प्रसिद्धी सिने आर्ट्स प्रालिको ब्यानरमा निर्माण गरिएको 'हामी तीन भाइ'लाई मधुसुदन भट्टराईले निर्देशन गरेका हुन् । हास्य तथा सामाजिक कथावस्तुमा आधारित यस फिल्मले तीन पात्रको वरिपरि घुम्ने कथा प्रस्तुत गर्नेछ। मुख्य भूमिकामा विनोद न्यौपाने, कुशल विष्ट र फलित राई रहेका छन्, जसको मित्रता, संघर्ष र सम्बन्धका विविध पाटा फिल्ममा समेटिएको बताइएको छ। यस फिल्ममा लक्ष्मी बर्देवा, आश्मा गिरी, जाह्नवी बस्नेत, राजाराम पौडेल, रवीन्द्र झा, विष्णु सापकोटा, विकास चापागाई, सुष्मा निरौला, यादव देवकोटा, अन्जु हमाल, तारा शर्मा, पवन केसीलगायतका कलाकारहरूको समेत अभिनय देख्न पाइनेछ। विविध पात्र र कथावस्तुका कारण फिल्मले फरक स्वाद दिन सक्ने निर्माण पक्षको दाबी छ।



निर्माणतर्फ त्रिरत्न श्रेष्ठ र मनोज श्रेष्ठ रहेका छन् भने विक्रम तामाङ कार्यकारी निर्माताको रूपमा जोडिएका छन् । सह-निर्मातामा भक्तलाल श्रेष्ठ, प्रतिमा थापा पोखरेल र दुर्गालक्ष्मी पाण्डे रहेका छन् भने शम्भु कुमार केसीले विशेष सहयोग गरेका छन्। साजित महत प्रस्तुतकर्ता रहेको फिल्मको कथा, पटकथा तथा संवाद शिवम् अधिकारीले लेखेका हुन् ।

प्राविधिक पक्षतर्फ फिल्ममा शिव ढकालको छायांकन, बनिश शाहको सम्पादन, कमल राईको नृत्य निर्देशन र देव महर्जनको द्वन्द्व निर्देशन रहेको छ । संगीततर्फ साप शक्ति र बाबुल गिरीको काम सुन्न सकिन्छ ।

प्रकाशकः **सीतादेवी श्रेष्ठ**, कार्यालयः भगवतीबहाल, नक्साल, काठमाडौं, फोनः **०१–५३२६३६६, ०१–५३२८२९८**, ई-मेलः **madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com** (विज्ञापन), **मुद्रकः** एक्सप्रेस कलर प्रेस, प्रधानसम्पादकः **मदनकुमार श्रेष्ठ** सम्पादकः **जनक नेपाल**